धर्मकीर्ति

THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

ललितपुरमा सम्राट अशोकद्वारा निर्मित चारवटा ऐतिहासिक थूरहरू मध्येको एक "ईबही थूर"

DHARMAKIRTI

वर्ष-२६, अङ्क-११

बि.सं. २०६५, सि पुन्ही

धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन।

■ विषय-सूचि ■

क्रसं	विषय	लेखक	पेज नम्बर
१.	बुद्ध-वचन	-	१
२.	सम्पादकीय- प्राकृतिक नियम कानून सबैलाई समान ...	-	२
३.	धर्म के हो ?	- सत्यनारायण गोयन्का	३
४.	धम्मपद-२१८	- रीना तुलाधर	६
५.	धर्मयाना नं पापं पुनेयोला	- आनन्दमानसिंह तुलाधर	६
६.	बुद्धशासनको इतिहास-५	- भिक्षु अमृतानन्द	७
७.	केही बौद्ध विश्वासहरू...४	- ले.के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर	९
८.	उन्नति र पतनको कारण मानिसको आचरण	- भिक्षु अश्वघोष	११
९.	बुद्धधर्म नै समाज विकाश र आर्थिक क्रान्तिको मूल ...	- शिशिल चित्रकार	१२
१०.	मिलिन्द-प्रश्न-२१	- अनुवादक: आनन्द प्रधान	१३
११.	मनोबल	- नरेन्द्रनाथ भट्टराई	१४
१२.	आत्माला: चिन्ने एउटै मात्र माध्यम	- राजीव वज्राचार्य	१४
१३.	धर्मकीर्ति विहार-गतिविधि	-	१५
१४.	स्व-नेतृत्व तालिमया लंपु	- प्रेम लक्ष्मी तुलाधर	२१
१५.	धर्म प्रचार-समाचार	-	२२
१६.	बुद्ध शरणमा जाऔं	- धर्मरत्न शाक्य "त्रिशुली"	२४
१७.	जमाना	- विद्याबहादुर वज्राचार्य	२५

- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिबः ज्वीफु।
- छिं थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्युगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६१०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ०७१-५८०२९९ (शाक्यमुनि विहार, लुम्बिनी)
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२९
इस्वी सम्वत् २००९
विक्रम सम्वत् २०६५

विशेष सदस्य	रु. १०००/- वा सो भन्दा बढी
वार्षिक	रु. ७५/-
यस अङ्कको	रु. १०/-

DHARMAKIRTI

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

9th FEBRUARY 2009

वर्ष- २६ | अङ्क- ११ | सि पुन्ही | माघ २०६५

मूर्ख र विद्या हीन हुँदै केवल मौनव्रत धारण गरिदैमा त्यो व्यक्ति मुनि हुन सक्तैन। तराजु जस्तै समान व्यवहार गर्दै उत्तम विचार धारणा गरी पाप नगर्ने व्यक्तिलाई नै मुनि भनिन्छ। फेरि आध्यात्मिक र व्यावहारिक दुवै लोकलाई बोध गर्न सक्ने व्यक्तिलाई नै मुनि भनिन्छ।

हिंसा गर्ने व्यक्तिलाई आर्य भनिंदैन, सबै प्राणीहरूलाई हिंसा नगर्ने व्यक्तिलाई मात्र आर्य भनिन्छ।

धेरै कुरा गर्न जाने हुँदैमा त्यसलाई पण्डित भन्न मिल्दैन। क्षमा, शील, अवैरी र निर्भयी व्यक्तिलाई नै पण्डित भन्न सकिन्छ।

Downloaded from http://www.dhamma.digital

■ सम्पादकीय ■

प्राकृतिक नियम कानून सबैलाई समानरूपले लागु हुन्छ

अभूतवादी निरयं उपेति
यो चा'पि कत्वा न करोमी'ति चा'ह
उभो'पि ते पेच्च समा भवन्ति
निहीनकम्मा मनुजा परत्थ

अर्थात् असत्यवादी व्यक्तिले एकदिन अवश्यपनि नारकिय जीवन जीउनु पर्नेछ । आफूले गरेको गलतीलाई जसले जानी जानी ढाकछोप गर्छ, उसले एकदिन अवश्य पनि नर्कतुल्य सजायँ भोग्नु पर्नेछ । यी दुई प्रकारका हीन कार्य गर्ने व्यक्तिले आफ्नो जीवनमा अशान्तपूर्ण नरक समानको जीवन गुजार्न बाध्य हुनेछ ।

यस बुद्ध वचनले सारहीन क्षणिक सुख (भौतिक सुख) को लोभमा परी आफ्नो अमूल्य नैतिकता गुमाउन पुगेका झूठावादी व्यक्तिहरूलाई प्रकृतिले कसरी दण्ड दिंदो रहेछ भन्ने विषयमा उल्लेख गर्नुभएको छ ।

भगवान् बुद्धले हामी जस्ता अज्ञानीजनहरूलाई यसरी ज्ञानका कुराहरूलाई उजागर गर्नुभएको छ–

जसले आफ्नो नीजि स्वार्थको लोभमा फसी अरूलाई हानी नोक्सानी हुने जालसाजीपूर्ण कार्य गर्छ, जसले दण्ड भोग्न नपर्ने व्यक्तिलाई दण्ड दिने गर्छ, र निर्दोषी व्यक्तिलाई दोष लगाउँदछ, त्यस व्यक्तिले यी दश प्रकारका प्राकृतिक दण्ड भोग्नुपर्ने हुन्छन्–

१) असह्य रूपले टाउको दुख्ने रोग लाग्नेछ ।

२) आफूसँग भएका सम्पत्ति विनाश हुँदै जानेछ ।

३) अङ्गभङ्ग हुने दुर्घटना घट्ने छ ।

४) भयानक रोग लाग्नेछ ।

५) पागल हुनेछ ।

६) राज्यको तर्फबाट ठूल्ठूला दण्डआदि भयहरू आइपर्नेछ ।

७) अनेक लाञ्छना लागी निन्दित र अपहेलित बन्नु पर्नेछ ।

८) आफ्ना नाताकुटुम्बहरू विनाश हुँदै जानेछ ।

९) आफूसंग भएका भोग सम्पत्ति पनि विनाश हुँदै जानेछ ।

१०) घर आगलागी हुनेछ र मरणोपरान्त पछिको चित्तले राम्रो गति पाउन नसकी दुःखको भूमरीमा फस्न पर्नेछ ।

माथि उल्लेखित प्राकृतिक दण्डलाई विचार गरी हामीले भन्न सक्छौं– साधारण कानूनले आँखा चिम्ले पनि हामीलाई प्राकृतिक कानूनले त चियाईरहेकै हुने रहेछ । फलस्वरूप जालसाजी मनोवृत्तिले दूषित व्यक्तिहरूलाई प्राकृतिक दण्डले लखेटीरहेकै हुने रहेछ । यसप्रकारको दण्डबाट कोही पनि अपराधी उम्कन पाउने छैनन् ।

त्यसैले हामीले आफ्नो जीवनमा यस्ता प्राकृतिक दशाले लखेट्न नपाउँदैमा बुद्धको सार ज्ञानलाई समयमा नै बुझी दशाले होइन भाग्यले साथ दिने कार्य गरौं । यसको लागि हामीले आफ्नो मन, वचन र शरीरले गर्ने कार्य र कुरा शुरु गर्नु अगाडि नै एकपटक ठण्डा दिमागले सोचौं "मैले अरुलाई जुन काम वा कुरा गर्न गइरहेको छु, त्यसले मलाई र अरूलाई कुनै हानी हुने त होइन ?" यति सोचि सकेपछि यदि त्यस कार्यले अरूको र आफ्नो पनि भलो नै हुने रहेछ भने मात्र त्यस कार्यको थालनी गरौं । यसले हामीलाई दशा होइन भाग्य नै निर्माण गर्नेछ ।

यदि आफूले गर्न लागेको काम वा कुराले आफ्नो स्वार्थ मात्र पूरा हुने तर अरूलाई हानी नोक्सानी हुने रहेछ भने त्यस कार्यलाई हामीले त्यहीं रोकौं । किनभने त्यस कार्यको नतिजा भविष्यमा आफैलाई प्राकृतिक दण्ड एवं दशाको रूपमा अवश्य पनि आउनेछ ।

प्रकृतिको यस सत्य तथ्य नियमलाई हामीले भित्री मनदेखी बुझौं र हामी दण्डनीय होइन भाग्यमानी बन्ने काम गरौं र कुरा गरौं ।

किनभने भाग्य र दशाको निर्माता हामी आफै हौं । कुनै अदृश्य देवताले हामीलाई भाग्य र दशा दिन आउने होइन ।

Downloaded from http://www.dhamma.digital

धर्म के हो ?

■ सत्यनारायण गोयन्का

धर्म जीवन जिउने कला हो। स्वयं आफू पनि सुख पूर्वक जीवन जिउने र अरूलाई पनि सुख पूर्वक जीवन जिउन दिने कला हो। सुखपूर्वक सबैजना रहन चाहन्छन्। सबैजना दु:खबाट मुक्त रहन चाहन्छन्। तर जबसम्म हामीलाई वास्तविक सुख के हो थाहा छैन, सुखलाई कसरी प्राप्त गर्ने भन्ने थाहा छैन तबसम्म हामी भूठो सुखको पछि पछि पागल भैं दौडिरहन्छौं। वास्तविक सुखबाट टाढा रहेर धेरै भन्दा धेरै दुखी हुन्छौं। आफू मात्र होइन अरूलाई पनि दु:खी बनाउँछौं।

वास्तविक सुख भित्रको शान्ति छ। र आन्तरिक शान्ति विकार विहीन चित्तमा छ; निर्मल चित्तमा छ। विकार विहीन चित्तको अवस्था नै वास्तविक सुख शान्तिको अवस्था हो।

अत: साँच्चैको शान्ति र साँच्चैको सुख उसैले भोग्न सक्छ जस्को निर्मल चित्त छ। जो जति विकारमुक्त रहन्छ, त्यति नै दु:ख मुक्त रहन्छ, त्यति नै जीवन जिउने कला जान्दछ, त्यति नै साँच्चैको धार्मिक बन्दछ। निर्मल चित्तको आचरण नै धर्म हो। यही जिउने कला हो। यस कलामा जो जति निपुण हुन्छ ऊ त्यति नै बढी धार्मिक हुन्छ। धार्मिकको सही परिभाषा यही हो।

प्रकृतिको अटूट नियम छ, जसलाई ऋत भन अथवा धर्म नियामता भन, नाम जे भने पनि हुन्छ, यसले केही फरक पर्दैन। नियम के हो भने जस्ले जस्तो गऱ्यो त्यसबाट त्यस्तै परिणाम आउँदछ। त्यस्तो गरेन भने त्यस्को त्यस्तो परिणाम आउँदैन। यस नियम अनुसार जब-जब हाम्रो मन द्वेष; दौर्मनस्य, क्रोध, ईर्ष्या, भय आदिले भर्दछ तब-तब हामी व्याकुल हुन्छौं। दु:खबाट पिडीत हुन्छौं र सुखबाट वंचित रहन्छौं। जब-जब हाम्रो मन यी विकारहरूबाट व्याप्त हुँदैन तब-तब व्याकुलता बाट मुक्त रहन्छौं। दु:खबाट संतापित हुनबाट बच्दछौं र आफ्नो सुख-शान्तिको मालिक बन्दछौं।

जुन विद्याले विकारबाट मुक्त हुने सिकाउँदछ त्यही जीवन जिउने सही कला हो, त्यही शुद्ध धर्म हो। शुद्ध धर्मको स्वरूप मंगलमय र कल्याणमय हुन्छ। हामी जब जब विकार विमुक्त रहेर निर्मल चित्तले आचरण गर्दछौं तब-तब हामी आफू त वास्तविक सुख-शान्ति भोग्दछौं साथै अरूको सुख शान्तिको कारण पनि बन्दछौं। यस्तो प्रकारले जब जब विकार ग्रस्त भएर मैलो चित्तले काम गर्छौं तब-तब हामी स्वयं संतापित हुन्छौं साथै अरूको संतापको कारण पनि बन्दछौं। समाजको शान्ति भंग गर्दैरहन्छौं।

क्रोध, लोभ, वासना, भय, मात्सर्य, ईर्ष्या, अहंकार आदि मनका विकारबाट शिकार बनेर हामी हत्या, चोरी, व्यभिचार, भूठ, छल-कपट, चुगली, निन्दा, व्यर्थको कुरा, कटु वचन बोल्दछौं। जब-जब यी क्रिया गरिन्छ तब तब आफू पनि संतापित हुन्छौं र अरूको संतापको कारण पनि बन्दछौं। मनमा विकार नभई कुनै शारीरिक अथवा वाचिक दुष्कर्म हुँदैन। तर मनमा विकार आउँदैमा कायिक अथवा वाचिक दुष्कर्म हुनैपर्छ भन्ने छैन। प्राय प्रबल मनोविकार उत्पन्न भएर पनि आत्म दमन गरेर यस्ता कायिक र वाचिक दुष्कर्म गर्नबाट बच्दछौं। यसबाट प्रत्यक्षत: अरूको हानि हुन पाउँदैन, परन्तु दूषित मनोविकारबाट आक्रान्त भएर यदी मन भित्र भित्र व्याकुल भईरहयौं भने मानसिक दुष्कर्म गरीरहन्छ। यसबाट आफूलाई शान्ति हुँदैन र अप्रत्यक्ष रूपमा अरूको शान्ति पनि भंग गरिरहेको हुन्छ। हाम्रो मनको दूषित तरंगको वरपरको वातावरणलाई पनि प्रभावित पारिरहेको हुन्छ।

जब-जब हाम्रो मन विकार विमुक्त अर्थात् निर्मल हुन्छ, तब-तब स्वाभाविक रूपले उसको चित्त स्नेह र सद्भावले, मैत्री र करूणाले भर्दछ। त्यस्तो समयमा हामी आफूले सुख-शान्तिको अनुभव त गर्छौं नै अप्रत्यक्ष रूपमा अरूको सुख-शान्तिको कारण पनि बन्दछ। हाम्रो निर्मल चित्तको तरंगको आस-पासको वातावरणलाई प्रभावित पारेर त्यसलाई पनि सक्दो निर्मल बनाईरहेको हुन्छ।

त्यसैले आत्म दमन गर्नु, धर्मको सर्वांग सम्पूर्णता होइन तर धर्म धारण गर्ने पहिलो पाइला यहींबाट शुरू हुन्छ। शुरूमा त संयमित भएर नै कायिक र वाचिक दुष्कर्मबाट विरत हुनुपर्छ पछि निरन्तर अभ्यास द्वारा मानसिक दुष्कर्मबाट पनि मुक्त हुनुपर्छ। मानसिक दुष्कर्मबाट छुट्टी पाउनु भनेको नै मानसिक विकारबाट मुक्त हुनु हो। विकार विहीन निर्मल चित्तले स्वाभाविक रूपले नै मनबाट, वाणीबाट र शरीरबाट कुनै दुष्कर्म गर्न सक्दैन। त्यसैले मूख्य कुरा त आफ्नो चित्तलाई विकारबाट विमुक्त राख्नु हो।

आफ्नो हरेक कर्म प्रति जागरूक रहेर नै मनलाई दोषमुक्त राख्न सकिन्छ। आफ्नो चित्त र चित्तका विकार-हरूको प्रति जागरूक रहेर नै चित्तलाई विकारमुक्त राख्न सकिन्छ। त्यसलाई चाल नपाई मुर्छित रहेर हामी चित्तलाई कहिले पनि स्वच्छ राख्न सक्दैनौं, त्यसको निर्मलपनलाई

कायम राख्न सक्दैनौं । आफ्नो चित्त र चित्तवृत्तिको निरन्तर निरीक्षण गर्दै रहने अभ्यास नै धर्म धारण गर्ने सही अभ्यास हो । कुनै पनि कर्म गर्नुभन्दा अगाडि र गर्ने समयमा हामी जाचौं कि यस कार्यबाट आफ्नो र अरूको मंगल हुन्छ कि अमंगल । यदि मंगल हुन्छ भने त्यो काम गर्ने, यदि अमंगल हुन्छ भने त्यो काम नगर्ने । यस प्रकार राम्ररी विवेकपूर्वक जाँचेर गरेको कामले सबैको मंगल नै गर्छ, त्यसैले त्यस्तो काम धर्ममय नै हुन्छ । यदि कहिले काँही असावधान पूर्वक, नजाँचिकन कुनै कायिक अथवा वाचिक दुष्कर्म हुन गयो, जसबाट आफ्नो र अरूको अहित हुन गयो भने पनि त्यसलाई लिएर प्रायश्चित गर्दै रूदै फेरि कुनै अपराध ग्रन्थि नबाँदिउन् । चाँडै भन्दा चाँडै आफ्नो मिल्ने साथी साधक अथवा गुरुजन संग भेटेर उनको सामू आफ्नो भूल बताएर स्वीकार गर्नु र त्यसको भारबाट मुक्त हुनु र भविष्यमा यस्तो घटना हुन नदिनु अधिक सावधान र हने संकल्प गर्नु पर्छ । चित्त प्रति पनि यस्तै जागरूक भईर हने अभ्यास बढाउनु पर्छ । जब-जब चित्तमा विकार जाग्दछ, त्यसै समय त्यसको निरीक्षण गर्नु पर्छ । साक्षी भावले त्यसको निरीक्षण गर्दैमा त्यो दुर्बल हुँदै हुँदै नष्ट हुनेछ । कहिले काँही त्यसको निरीक्षण गर्न पाएन र त्यसले हामीलाई दमन गऱ्यो भने पनि त्यसलाई सम्झेर रूने होइन, बरू अझ अधिक सावधान रहने संकल्प गर्नुपर्छ, जागरूक रहने अभ्यास गर्नु पर्छ । शुद्ध धर्ममा प्रतिष्ठापीत हुने यही नै एउटा वैज्ञानिक तरीका हो ।

जुन अभ्यास द्वारा आफ्नो कर्म प्रति जागरूकता र सावधानी बढ्छ, यही शुद्ध धर्मको अभ्यास हो । जुन विधिद्वारा आफ्नो कर्म सुधार्ने चित्त निर्मलता प्राप्त हुन्छ, त्यही नै धर्म विधि हो ।

जब हामी आत्म-निरीक्षण गरेर आफ्नो अनुभवको आधारमा थाहापाउँदछौं की प्रत्येक दुष्कर्मको कारण आफ्नो चित्तको फोहोर पन नै हो । कुनै न कुनै मनोविकारले हो । हामी जान्दछौं कि प्रत्येक विकारको कारण आफ्नो अहम प्रति उत्पन्न हुने गहन आसक्ति नै हो । जब-जब आसक्तिको अंधोपनले यस 'म' को प्रति बढी महत्व दिएर यसमा तासिन्छ, तब तब संकुचित घेरामा आवद्ध भएर मन फोहोर गरेर कुनै न कुनै यस्तो काम गर्न पुग्छ, जस्को परिणाम अकुशल नै हुन्छ ।

आत्मनिरीक्षणको अभ्यासबाट स्वअनुभवको बलको आधारमा नै यो थाहाहुन्छ कि जब-जब स्वार्थले अन्धो भएर विकारले ग्रष्त हुन्छौं तब-तब अरूको अहित त गरि रहेका हुन्छौं र आफ्नो स्वार्थ पूर्ती पनि गर्न सक्दैनौं । जब-जब अन्धोपनबाट मुक्त रहन्छौं तब-तब आफ्नो हित र अरूको हित दुबै गरिरहेका हुन्छौं । आफ्नो हित र अरूको हित हुने कर्म नै धर्म हो । जहाँ आफ्नो लाभ हुनुको साथ-साथै अरूको पनि लाभ हुन्छ, त्यही धर्म हुन्छ । जहाँ कसैको अनहित हुन्छ, त्यहीं अधर्म हुन्छ ।

हाम्रो सत्कर्म र दुष्कर्मले केवल हामीलाई मात्र सुखी अथवा दुखी बनाउँदैन । यस्ले हाम्रा साथी भाइलाई पनि प्रभावित पार्दछ । मनुष्यहरू समाजको अन्य सदस्यहरूका माझ रहन्छन् । उनीहरू समाजको अविभाज्य अंग हुन् । उनीहरू समाजबाट प्रभावित भएका हुन्छन् र समाजलाई पनि मानिसहरूले केही हडसम्म प्रभावित पार्दछ । त्यसैले धर्म धारण गरेर हामी जब नैतिक जीवन जिउँदछौं, दुष्कर्मबाट बचेर सत्कर्म गर्न लाग्दछौं तब हामी केवल आफ्नो मात्र भलो गरिरहेका हुँदैनौं अरूको भलो पनि गरिरहेका हुन्छौं ।

यस अमूल्य जीवनका लागि नै धर्म गर्नु पर्छ । यदि धर्मको अभ्यास गरेर जीवनको-मूल्य बढेन भने, यदि हाम्रो लोक-व्यवहारमा सुधार आएन भने, यदि हामी आफ्नो लागि र अरूका लागि मंगलमय जीवन जिउन सकेन भने यस्तो धर्म हाम्रो लागि के काम ? कसैको लागि के काम ? धर्म यसैको लागि हो कि हाम्रो पारस्परिक सम्बन्ध सुध्रियोस् । हामीमा व्यवहार कौशल आवोस् । परिवार, समाज, जाति, राष्ट्र र अन्तर्राष्ट्रिय बिचको पारस्परिक सम्बन्ध व्यक्ति व्यक्ति बिचको सम्बन्धमा नै निर्भर हुन्छ । अत: शुद्ध धर्म यही हो कि प्रत्येक व्यक्तिले यहीं यसै जीवनमा अरूसंग आफ्नो व्यवहार सम्बन्ध सुधार गरोस् । यसै जीवनमा सुख शान्ति पूर्वक जिउनको लागि धर्म हो । मृत्यु पछि बादल भन्दा माथि कुनै अज्ञात स्वर्गमा जीवन जिउनका लागि होइन । मृत्यु पछि पृथ्वी भन्दा तल अज्ञात नर्कबाट बच्नका लागि पनि होइन । हामी भित्र निहीत स्वर्गको सुख भोग्नका लागि हो । हामी भित्र समय-समयमा नारकीय अग्नि जल उर्लिन्छ त्यसलाई शान्त गर्नका लागि त्यसबाट बच्नका लागि हो । धर्म यसै जीवनका लागि हो । यसै लोकका लागि हो । वर्तमानको लागि हो । जसले आफ्नो वर्तमान सुधार्छ उसलाई भविष्यको चिन्ता गर्नु जरूरी छैन । उसको भविष्य स्वत: सुध्रिन्छ । जसले लोक सुधार्छ उसलाई परलोकको चिन्ता गर्नु पर्दैन । उसको पर लोक स्वत: सुध्रिन्छ । जस्ले आफ्नो वर्तमान सुधार गर्न सक्दैन, आफ्नो वर्तमान लोक सुधार गर्न सक्दैन र केवल भविष्यको आशा गरेर बस्दछ भने उसले आफूलाई नै धोका दिएको हुन्छ । आफ्नो वास्तविक मंगलबाट वंचित हुनपुग्छ । शुद्ध धर्मबाट टाढा हुन पुग्छ । धर्म अकालिक हुन्छ अर्थात् धर्म यसै समय यसै जीवनमा फल दिने हुन्छ । धर्मको नाममा अनुष्ठान गरेर त्यसको लाभ यसै

Downloaded from http://www.dhamma.digital

जीवनमा प्राप्त भएन, विकार बिहीन निर्मल चित्तको वास्तविक सुख यसै जीवनमा पाएन भने बुझ्नुपर्छ कि हामी धोकामा छौं । शुद्ध धर्मबाट वंचित भईरहेका छौं । धर्म सबैलाई यसै जीवनमा सुख-शान्ति दिलाउनका लागि हो । आँखा भन्दा धेरै टाढा सुदूर भविष्यको निरर्थक चिन्ताबाट मुक्त हुनका लागि हो । यही धर्म हो । यही धर्मको शुद्धता हो । यही शुद्ध धर्मको जीवन हो, जुन सबैका लागि आवश्यक छ ।

धर्म सबैका लागि आवश्यक छ । त्यसैले शुद्ध धर्मको सम्प्रदाय संग कुनै सम्बन्ध छैन, कुनै लेनदेन छैन । शुद्ध धर्मको मार्गमा हिंड्ने व्यक्ति जब धर्म पालन गर्दछ तब कुनै सम्प्रदायको थोत्रो रीति-रिवाज पूरा गर्नका लागि होइन । कुनै मिथ्या अन्धविश्वासजन्य रूढि परम्पराको शिकार बनेर फकीर बन्नका लागि होइन । शुद्ध धर्मको अभ्यास गरेर आफ्नो जीवनलाई सुखी र स्वस्थ बनाउनका लागि नै धर्मको पालन गर्दछ । धार्मिक जीवन जिउनका लागि धर्मलाई राम्ररी सम्झेर-बुझेर, त्यसबाट आत्म-कल्याण र परकल्याण हुने हुनाले नै त्यसको पालन गर्नुपर्छ । धर्मलाई नबुझीकन अन्ध विश्वास गरेर अथवा कुनै अज्ञात शक्तिलाई सन्तुष्ट र प्रसन्न बनाउन अथवा उसको भयबाट आशंकित र आतंकित भएर धर्मको पालन गर्ने होइन । धर्मको पालन दूषणहरूको दमन गर्नका लागि मात्र होइन बल्कि प्रज्ञापूर्वक त्यसको शमन गरेर जरासम्म उखाल्नका लागि हो । धर्मको पालन आफ्नो लागि मात्र होइन बहुजनको हित-सुखका लागि, मंगल कल्याणका लागि र बहुजनको स्वस्ति-मुक्तिका लागि हो ।

धर्मको पालन यही बुझेर पालन गर्नु पर्छ कि धर्म सर्वजनीन छ, सर्वजनहितकारी छ, कुनै सम्प्रदाय तथा वर्ग विशेष अथवा जाति- विशेषले बाँधिएको छैन । यदि यस्तो भएमा धर्मको शुद्धता नष्ट हुन्छ । धर्म तबसम्म शुद्ध हुन्छ जबसम्म सार्वजनिन हुन्छ, सार्वदेशिक हुन्छ र सार्वकालिक हुन्छ । धर्म सबैका लागि एकैनाशको हुन्छ, सबैका लागि कल्याणकारी छ, मंगलकारी र हित-सुखकारी छ । धर्म सबैले सहजपूर्वक नहिचकिचाई ग्रहण गर्न योग्य हुन्छ ।

शुद्ध वायुमण्डलमा रहेर शुद्ध, स्वच्छ हावा सेवन गर्नु, शरीर स्वच्छ राख्न सफा सुकिलो लुगा लगाउनु, शुद्ध र स्वच्छ सात्विक खाना खानु मलाई आवश्यक छ किनभने यो मेरोलागि हितकार छ । त्यस्तै प्रकारले यस्तो गर्नु मेरो लागि मात्र होइन सबै जाति, सबै वर्ग तथा सबै सम्प्रदायका मानिसहरूका लागि समानरूपले हितकर छ । यदि कोही व्यक्ति अशुद्ध, अस्वस्थ वातावरणमा रहन्छ र गन्हाउने, विषालु वायु सेवन गर्छ आफ्नो शरीर र वस्त्र मैलो राख्छ, अस्वच्छ दुषित भोजन गर्छ भने आफ्नो स्वास्थको लागि हानि गरिरहेको हुन्छ, रोगी र दुःखी रहन्छ । यो नियम सार्वजनीन छ । कुनै एक विशेष जातिको लागि कुनै एकजना विशेष व्यक्तिको लागि मात्र लागू हुँदैन । ठीक यस्तै प्रकारले जब कोही आफ्नो मनको विकार द्वारा विकृत रहन्छ भने व्याकुल अवश्य हुन्छ । उसको वात-पित्त-कफ आदिमा विषमता हुन्छ । उ रोगी हुन्छ । स्वास्थ विज्ञानका सामान्य नियम सबैको तन र मनमा समान रूपले लागू हुन्छ । प्रकृतिले यो हेर्दैन कि यो नियमलाई पालन नगर्ने व्यक्ति को हो, कुन जातिको हो, कुन सम्प्रदायको हो ? प्रकृति कुनै सम्प्रदाय-विशेषको व्यक्तिलाई मात्र कृपा गर्दैन न कुनै अन्य सम्प्रदायको व्यक्तिलाई कोप गर्छ । मलेरिया मलेरिया नै हो । यो न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न ईसाई हो । यस्तै प्रकारले क्रोध, ईर्ष्या, द्वेष आदि विकार न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न इसाई हो । त्यस्तै यसबाट विमुक्त रहनु पनि न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो । विकारबाट विमुक्त रहनु शुद्ध धर्म हो । त्यसैले शुद्ध धर्म नै हो ।

धर्म एउटा आदर्श जीवन-शैली हो; सुख पूर्वक रहने एउटा पावन पद्धति हो । शान्ति प्राप्त गर्ने निर्मल विद्या हो । सबैको कल्याण गर्ने आचार संहिता हो जुन सबैको लागि हो ।

शीलवान, समाधिवान, प्रज्ञावान हुनु के बौद्धहरूको मात्र धर्म हो ? अरूहरूको धर्म होइनन् ? वीतराग, वीतद्वेष, वीतमोह हुनु के जैनहरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? स्थितप्रज्ञ अनासक्त जीवनमुक्त हुनु केवल हिन्दुहरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? प्रेम र करूणाले ओतप्रोत भएर सेवा गर्नु केवल ईसाइहरूको मात्र धर्म हो ? अरूहरूको होइन ? के जात-पात को भेदभावबाट मुक्त रहेर सामाजिक समताको जीवन जिउनु मुसलमान-हरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? धर्मपालनको मुख्य उद्देश्य असल मानिस बन्नु हो । असल मान्छे बनेपछि असल हिन्दू, असल बौद्ध, असल जैन, असल मुसलमान, असल ईसाई बनिहाल्छ । यदि असल मान्छे नै बन्न सकेन भने बौद्ध भएर पनि के गर्ने ? हिन्दू, जैन, ईसाई, मुसलमान आदि भएर पनि के गर्ने ?

धर्मको यस शुद्धतालाई राम्ररी बुझौं, त्यसलाई धारण गरौं । हामी सबैको जीवनमा शुद्ध धर्म जागोस् । सार हीन बोझको अवमूल्यन हुनुपर्छ । उन्मूलन हुनुपर्छ । शुद्ध सारको सही मुल्यांकन हुनुपर्छ, प्रतिष्ठान हुनुपर्छ । शुद्ध धर्म जीवनको अंग हुनुपर्छ । यसैमा हाम्रो साँच्चिकैको कल्याण, साँच्चिकैको मंगल समाएको छ ।

साभार- बुद्ध वर्ष २५५१, वर्ष २४, अङ्क १२

धम्मपद–२१८

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

दुप्पब्बज्जं दुरभिरमं–दुरावासा घरा दुखा
दुक्खो समान संवासो–दुक्खानु पतित द्धगू
तस्मा न चद्धगु सिया–दुक्खानु पतितो सिया

अर्थ– प्रव्रज्यामा मन लगाउनु कठीन छ, प्रव्रजित भएर पनि नियम पुऱ्याएर बस्न अझै कठीन छ, गृहस्थ भावमा बसेर दुःख भोग गर्नु पनि गाऱ्हो छ, असमान तथा अनुकूल नभएकासँग सँगै बस्नु पनि दुःखद छ, संसाररूपी आवागमनमा (यात्रामा) लागी रहनु पनि दुःखद् छ, अतः संसारको आवागमनमा नलागीकन दुःखबाट मुक्त हुनेतिर लाग ।

घटना– बुद्धकालीन समयमा वैशालीमा आश्विन पूर्णिमाको दिन रातभर ठूलो नक्षत्र उत्सव चलीरहेको थियो । पुरै शहरमा दीपावली गरिएको थियो । मानिसहरू नाच गान गर्दै रमझम गरीरहेका थिए । नगरभरी संगीतिय धून बजिरहेको थियो ।

त्यहीबेला जंगलतिर विहारमा एक्लै उभिरहेका एक भिक्षुले नगरतिरको रमझम हेर्दै आफ्नो एक्लोपनको महशूस गरे । ती भिक्षु बज्जि राष्ट्रको राजपुत्र थियो जो महाराज हुनसक्ने अवसरलाई पनि त्यागेर भिक्षु बन्न आएको थियो । आफ्नो बिरानो एक्लोपनको भिक्षु जीवनलाई लिएर असन्तुष्ट हुँदै बरबरायो– "मेरो भन्दा तुच्छ, दयनीय जिन्दगी अरू कसैको हुन सक्तैन ।" बुद्ध शासनमा प्रव्रजित भएर पनि भिक्षु जीवनमा सन्तुष्ट नभएका त्यस भिक्षुको यो दशा त्यहाँ जंगल रक्षा गरेर बसेका देवताले सुनेछ । भिक्षुको मनमा संवेग उत्पन्न गराउनु पऱ्यो भनी देवताले यस्तो भन्यो– जसरी नरकमा बस्ने प्राणीहरूले स्वर्गमा बस्नेको लोभ लगाउँछ, त्यसरी नै संसारीक मानिसले जंगलमा एक्लै विचरण गर्नेदेखि लोभ लगाउँछ ।" देवताको यस्तो वाणी सुनी भिक्षुले मनमनै महशूस गऱ्यो कि मैले बेकारमै भिक्षु जीवनलाई तुच्छ सम्झन पुगेछु । भोलिपल्ट ऊनी सिधै सरासर भगवान बुद्ध कहाँ गयो । बुद्धको सामू वन्दना गरी एक ठाउँमा बसी अघिल्लो राती आफ्नो मनमा लागेको हीन भावको वृतान्त सुनाए– "भगवान् बुद्धले उनको कुरा सुनेपछि उनको मनको प्रवृत्ति बुझी गृहस्थी भावमा बस्दाखेरिको दुःखको बारेमा प्रकाश पार्नुभयो साथै पाँच प्रकारको दुःखको व्याख्या गर्नु भयो । त्यसपछि बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्त्यमा पाँच प्रकारको दुःख भनीकन जुन तथागतले व्याख्या गर्नुभएको थियो त्यसको संयोजनबाट मुक्त भई उक्त भिक्षुले अरहन्त लाभ गरे । ■

धर्मयाना नं पापं पुनेयोला

■ आनन्दमानसिंह तुलाधर

सुथसिया प्रहरय् जि थःगु नित्यकर्म कथं चाःहिला वया च्वनागु बखतय् खनागु छपुलु दृष्य

छम्ह लँय् वयाच्वंम्ह बुद्धियात साइकल गयाः वःम्ह व्यक्तिं थक्कर नका बुद्धि भ्याराक्क क्वःदल, साईकल गया वःमेस्यां लिफः छक्वः हे मस्वसे कुईंच... बिचरा वाथा वाथा कनाच्वंगु स्वय् मफया छम्ह मेम्हहे साइकल गया वःमेस्यां थःगु साइकल छथाय् दिकाः बुद्धियात थनाबिल, लँया बिचय् जूगु घटनां छचाःखेरं मनूत मुनेगुला स्वभाविक हे जुल । छु जुल अजि छितः धका हुल मुलं सःताय् दयवँ, साइकलं थक्कर नका जितः क्वः थला बिल धायवं, वहे बुद्धियात थना ब्यूम्ह व्यक्ति यातहे दोषि थहरय् याना भचा अभद्र व्यवहार याय्गुनं सुरुयात । वास्तवय् व व्यक्ति यागु कसूर मखुधैगु सुनानं मखं । वला जिल्ल जुया, थ्व बुद्धियात जिं थना बियागु खःथ्व बुरियात जूगु घटना स्वय् मफया जिं थना बियागु जक खः धालं सुनानं पत्या मया, सुइगुं उपरेदया करुणा तया कर्तब्य म्हसिका थना बियांला, जितःहे दोषि थहरे यात, थौंकन्हे सुइकें विवेक धैगुहे मदय्धुकुल । व साइक्ल गया वःम्ह व्यक्ति उगु हूलं मुक्त जुइ थाकुया वल, तर सत्य धैगु असत्य मजू धैगु वास्तविक, लुया वलकि, सुपाँय् या दुने सुर्दो लूथें, वहे हूले छमेसिगू सःताय् दया वल, थ्व व्यक्ति यागु दोष मखु, व बुरियागु अवस्था स्वय् मफया थना ब्यूगु जक खः धका छम्हेसां नवाना व्युसेलिं उम्हब्यक्तियात थःगु लँपु लिना वनेगु औसर चूलात ।

यदि सुइगुं उपरे करुणामतःगु जूसा जिथ्व भ्ंभ्तय् फसय् मज्वीगु खई ।

अथेनं स्वैतं उपकार यायन्हयः थःत लिच्वः लाःवईगु प्रतिकृया, विचाः यानाः जक उपकार यासा उचीत जुइ धैगु मनंताय्का थःगु लँपु लिना वना ।

साइकलं क्वः दःम्ह बुरिं खः मखु बिचाः मयासें, उपकारयाम्ह व्यक्तियात तुँ दोष बिइगु बिल्कूल गलत खः अकिं सत्य तथ्य वाँलाक मसिइकं सुइतं दोष बिइमज्यू, यदि थथेहे गनं मेमेंथाय् थुकथं घटना जुल धासा सुनानं, वास्तामयाय्गु, कल्याण जुइधका भाःपीमाली ।

■

Downloaded from http://www.dhamma.digital

बुद्धशासनको इतिहास–५

■ भिक्षु अमृतानन्द

संगायना भइसके पछि आचार्यहरूले धर्म संग्रहमा रहेको विशेष धर्म, परमार्थ धर्म (चित्त चेतसिक) सबै एकत्रित गरी अभिधर्म भनी विभक्त गरे। यसरी धर्म संग्रह भनिएकोमा सूत्र पिटक र अभिधर्म पिटक दुवै अन्तरगत भयो। त्यसकारण समन्त पासादिकामा, संग्रहित सबै धर्म–विनयलाई तीन प्रकारले विभक्त री देखाइएकोमा विनय पिटकादि भनी भनेका हुन्* । यसको विस्तार पूर्वक कुरा तीन पिटकको कुरामा आउनेछ।

ल्हासाको दुल्वा भन्ने सर्वास्तिवादीहरूको बिनय पुस्तकको दोश्रो भागमा उपयुक्त विषयमा यस्तो भनेको छ– धर्मको कुरा आनन्द महास्थविरले भन्नु भयो। विनयको कुरा उपालि महास्थविरले भन्नु भयो। त्यस्तै मात्रिका (मातिका)– अभिधर्म) को कुरा महाकाश्यप महास्थविरले भन्नु भयो।*

यस विषयमा फाहीयानले उपरोक्त कुरा समान र हुयेन सांगले निम्न लिखित कुरा समान अभिधर्म महाकाश्यप महास्थविरले संग्रह गऱ्यो भनेका छन्* ।

५. संग्रहित धर्म विनय समुचा कति पिटकमा छन् ?

तीन पिटकमा छन् यथा–(अ) विनय पिटक (आ) सुत्तपिटक तथा (इ) अभिधर्म पिटक।

(अ)* दुईसय भन्दा बढी शिक्षापद भएको महाविभंग (पारा- जिका पाली) र तीन सय भन्दा बढी शिक्षापद भएको भिक्षुणि विभंग (पाचित्तिय पालि) जम्मा (६४) चौसठि भाणवार भएको यो उभय विभंग पाराजिका–पाचित्तिय) (८०)अस्सी भाणवार र (२२) वाईस खन्धक भएको खन्धक (महावग्ग-चूलवग्ग) तथा (२५) पच्चीस भाण-वार र (१६) सोन्ह परिवार भएको परिवार पालि–यो जम्मा पाँच ग्रन्थलाई 'विनय पिटक" भनियो।

(आ) (३) तीन वर्ग (४४) चौवालीस सूत्त तथा चीसठी(६४) भाणवार भएको दीर्धनिकाय*; पन्ध्र वर्ग एक सय बाहुन्न (१५२) सुत्र तथा अस्सी भाणवार (८०) भएको मज्झिम निकाय*; सात हज्जार सात साय वासाट्टी (७७६२) सूत्र र एक सय (१००) भाणवार भएको संयुक्त निकाय* फेरी नौ हज्जार पानसय सन्ताउन्न (९५५७) सूत्र र दुई हज्जार (२०००) भाणवार भएको अंगुत्तर निकाय*; खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदा, अपदान बुद्धवंस तथा चरिया पिटक आदि जम्मा पन्ध्र (१५) ग्रन्थ भएको खुद्दक निकाय* यसरी जम्मा पाँच निकायलाई 'सूत्र पिटक' भनियो।

(इ) साथ (७) विभङ्गले युक्त धम्मसंगिणि, अट्ठार (१८)विभक्तिले युक्त विभंग; चौध (१४) विभागले युक्त धातु कथा, (६) प्रज्ञप्तिले युक्त पुग्गलपञ्ञत्ति, एक हज्जार (१०००) सूत्र भएको कथा वत्थु, दस (१०) यमक भएको यमक तथा चौबीस (२४) प्रत्यय भएको पठ्ठान यत्ति सात (७) महाग्रंथलाई 'अभिधर्म पिटक' भनियो।

(६) कसरी धर्म र विनयलाई पाँच निकायमा विभक्त गरियो ?

दीर्घ निकाय आदि चारनिकाय छाडेर अर्थात बाहेक अरू बाकि रहेको विनय, अभिधर्म तथा पन्ध्र साना साना ग्रन्थ समेतलाई खुद्दक निकाय अन्तर्गत गरियो। यसरी सम्पूर्ण धर्म र विनय पाँच निकाय अन्तर्गत भएको हो। तसर्थ भनेको छ–

"ठपेत्वा चतुरो पेते निकायो दीघ आदिको
तदञ्ञं बुद्ध वचनं निकायो खुद्दको मतोति।"○

(७) धर्मस्कन्ध कति छन ?

जम्मा ८४००० चौरासी हजार धर्मस्कन्ध छन्। यसको विस्तार थाहा पाउने इच्छुकले समन्तपासादिका हेर्नु पर्छ। यति धर्मस्कन्ध मध्ये तथागतको तर्फबाट ८२००० बयासी हजार र श्रावकहरूबाट २००० दुइ हजार गरी जम्मा चौरासी धर्मस्कन्ध भयो। तसर्थ भनेको छ–

"द्वासीति बुद्धतो गन्हि द्वेसहस्सानि भिक्खुत्तो
चतुरासीति सहस्सानि येमे धम्मा पवत्तिनो ति।*"

द्वितीय संगीति

(राजावली)

देवदत्तको कुमन्त्रणा सुनेर अजातशत्रु राजकुमारले पिता राजा विम्बिसारको हत्या निर्दयतापुर्वक गरेर राज्य हस्तगत गरे। 'जस्तो गर्छ उस्तै पाउँछ' भन्ने लोकोक्ति झैं भगवान निर्वाण भएको २४ वर्षपछि सम्म राज्य गरी सकेपछि राजा अजातशत्रुलाई पनि आफ्ना छोरा उदायिभद्र कुमारले प्राण लिए। उदायिभद्रले पितृ हत्या गरेर राज्य लिई १६ वर्ष सम्म राज्य गरे। तिनका अनुरुद्ध र मुण्ड दुइ दाज्यू भाईले आठ वर्ष राज्य गरे। त्यति वेला मुण्ड राजाको छोरा नागदास राजकुमारले आफ्ना पितालाई मारेर लिए। नागदासले (२४) वर्ष राज्य गरे।

यसरी वंश परम्परा पितृहत्या गरी राज्य गरी आएका राजकुल भएको हुँदा यस कुललाई 'पितृ घाटक वंश' पनि भन्दछन् । नागदास राजाको समयमा जनता र राज-कर्मचारीहरूको मनमा निकै असन्तोष वृद्धि भयो । नागदास राजाको प्रति जनताहरूको केही पनि विश्वास तथा भक्ति रहेन । एकदिन नागरिकहरूले नागदासलाई पदच्युत गरेर सुसुनाथ नामक गुणवान, बुद्धिमान मन्त्रीलाई राज्याभिषेक दिए । यिनले प्रजावर्गको इच्छानुकूल अट्ठार वर्ष सम्म राज्य गरे । सुसुनाग राजा स्वर्गारोहण भएपछि राजाका छोरा कालाशोक राजकुमारलाई राज्य प्राप्त भयो । कालाशोक राजाले २८ वर्षसम्म राज्य गरे । भगवान बुद्ध परिनिर्वाण भएको एक सय वर्षपछि कालाशोक राजाको समय भयो।

त्यस बखत वैशाली नगरमा निकै धेरै वृजिपुत्रक भिक्षुहरू थिए । तिनीहरूले वैशाली नगरमा निम्न दश कुराहरू प्रचार गरे–

(१) सिंगमा नुन हुन्छ ; (२) दुइ अंगुल बिते पनि हुन्छ; (३) ग्रामान्तर हुन्छ; (४) आवास हुन्छ; (५) अनुमति हुन्छ; (६) गरी राखेभैं हुन्छ; (७) दहि नजमेको हुन्छ; (८) रक्सी नभएको हुन्छ; (९) संजाप नभएकोमा बस्नु हुन्छ; (१०) असर्फी रूपैया हुन्छ ।"*

त्यसबेला आयुष्मान काकण्डकपुत्र✻ यश स्थविर वृजिदेशमा भ्रमण गर्दै वैशालीमा पुगेर महावनको कुटागार विहारमा बस्नु भयो । एक दिन उपोसथको दिन✂ वृजिपुत्रक भिक्षुहरूले उपोशथागारमा✢ भिक्षु संघको माभमा पानीले भरीएको काँसको भाँडा राखेर वैशाली निवासी उपासकहरूलाई यसो भने–

"उपासक हो ! संघलाई सुन चाँदी रूपैयाँ पैसा के दिने इच्छा छ देउ, एक रूपैयाँ भए पनि देउ, एक मोहर भए पनि देउ, एक सुका भए भए पनि देउ, संघहरूको परिष्कारादिको निम्ति उपकार हुनेछ ।'✓ वृजिपुत्रक भिक्षुहरूको यो कुरा सुनेर आयुष्मान काकण्डक पुत्र यश भिक्षुले उपस्थित उपासकहरूलाई यसो भने–

"उपासक हो ! संघलाई कार्षापण (रूपैयाँ) नदेउ । श्रमण शाक्य शाक्यपुत्रहरूलाई रूपैया पैसा अयोग्य छ । न श्रमण शाक्यपुत्रहरूले रूपैयाँ पैसाको सम्बन्ध सबै छाडी आउनु भएका ।"☐

यस्तो भनेता पनि वैशाली निवासी कुनै उपासकहरूले सुन दिए कुनैले रूपैया दिए, कुनैले पैसा दिए । भोलिपल्ट वृजिपुत्रक भिक्षुहरू प्राप्त भएको सुन चाँदी रूपैया पैसा जम्मै भाग लगाएर बाँडी लिए । आयुष्मान काकण्डकपुत्र यश भिक्षुलाई पनि 'आवुसो ! लेउ यो तिम्रो भागमा परेको सुन' भनी दिए । परन्तु वहाँले 'मलाई सुन चाँदी रूपैंया पैसाको आवश्यक छैन, न मैले यस्ता वस्तु ग्रहण नै गर्छु' भनी स्वीकार गर्नु भएन । आयुष्मान यश भिक्षुको कुरा सुनेर वृजिपुत्रक भिक्षुहरूको मनमा चोट (चीसो) पर्‍यो । अनि तिनीहरूले 'यिनी आयुष्मान यशले श्रद्धा सुप्रसन्न उपासकहरूलाई नचाहिने कुरा सुनाएर अप्रसन्न पारे त्यसकारण हामीहरूले यो भिक्षुलाई प्रतिसारणीय कर्म▼ (उपासकहरूसंग क्षमा याचना गराउने काम) गर' भनी आयुष्मान यश भिक्षुलाई त्यसो भने । अनि आयुष्मान यश भिक्षुले वृजिपुत्रक भिक्षुहरूलाई यसो भने– *(क्रमशः)*

♠ कथं धम्मविनय वसेन दुविधं ? सब्बमेवेतं धम्मोच विनयोचाति सं खं गच्छति । तथ्य विनयपिटकं विनयो, अवसेसं बुद्ध वचनं धम्मोसमन्तपासादिका, पृ. ९

❧ कथं पिटकवसेन तिविधं ? सब्बम्पिहेतं विनय पिटकं, सुत्तन्त पिटकं, अभिधम्म पिटकंति तिप्पभेदं होति-समन्त पाचारिका पृ. १० । Rockhils life of the Buddha (1907) P. 148

♣ Beals Buddhist Records.

✽ सुमङ्गल विलासिनी पृ. ९ समन्त पासादिका पृ. १० सारार्थ दीपनी पृ.५१

● चतुत्तिसेव सुत्तन्ता तिवग्गो यस्स संग हो । एस दीर्घनिकायोति पठमो अनुलोमिका ॥

▮ दियड्ढ सत सुत्तन्ता द्वेच सुत्तानि यत्थ सो । निकायो मिज्भ्मो पञ्चदसवग्ग परिग्गहो ॥

❋ सत्तसुत्त सहस्सानि सत्तसुत्त सतानि च । द्वासट्ठि चेव सुत्तन्ता-एसो संयुत्त संग हो ॥

◉ नवसुत्तसहस्सानि पञ्चसुत्त सतानि च । सत्तपञ्जास सुत्तानि सखा अगुत्तरे अयं ॥ समन्तपासादिका पृ. १५

■ सारार्थ दीपनी ५४ पृष्ठमा बुद्धवंस र चरियापिटक छाडेर तेन्हौं ग्रन्थ मात्र खुद्दकनिकायमा राखिएको छ ।

○ समन्तपासादिका पृ. १६

✱ समन्तपासादिका पृ. १६

* (१) कप्पति सिगिलोन कप्पो,(२) कप्पति द्वंगुल कप्पो (३) कप्पति गामात्तर कप्पो, (४) कप्पति आवास कप्पी (५) कप्पति अनुमति कप्पो, (६) कप्पति आचिण्ण कप्पो, (७) कप्पति अमथित कप्पो, (८) कप्पति जलोगिपातु, (९) कप्पति अदसकं निसीदनं, (१०) कप्पति जातरूपरजतं । –चूलग्ग

✻ आयुष्मान काकण्डकपुत्र यश भिक्षु तथागतको दर्शन प्राप्त आनन्द महास्थविरको शिष्य हुन । त्यसबखत आनन्द महास्थविरका शिष्यहरू यश भिक्षु सहित ६ जना थिए । यथा:– सर्वकामी, साल्ह, रेवत, खुज्जसोभित, यश, तथा सम्भूत ।
अनुरूद्ध महास्थविरका शिष्यहरू दुइजना थिए । यथा:– वासभगामिक र सुमन । यिनी आठ जना महास्थविरहरू भगवान दर्शन पाएका हुन् । –महावंश ४-५७ ५९

✂ हेर्नुस लेखकको धम्मपदट्ठकथाको, बोधिनी पृ. १३

✢ भिक्षुहरूको विनयकर्म गर्न विशेष विधानपूर्वक बनाई राखेको स्थान

✓ देथावुसो संघस्स कहापणाम्पि, अड्ढम्पि, पादम्पि, मासकरूपम्पि,

☐ आवुसो अदथ संघस्स कहापणम्पि, अड्ढम्पि, मासकरूपम्पि । न कप्पति समणानं सक्यपुत्तिकानं जातरूपरजतं । नपगण्हन्ति समणा सक्यपुत्तिका जातरूपरजतं । निक्खित्त मणिसुवणा सक्य पुत्तिका, अपेत जातरूपरजतन्ति –चूलवग्ग

▼ उपासक पक्षको श्रद्धा बिग्रिने काम अथवा कुरा तथा तिनीहरू तिनीहरूलाई अप्रसन्न गर्ने भिक्षुलाई भिक्षु संघहरूले, त्यो उपासक पक्षसंग क्षमा मागन पठाउने विनयकर्मलाई 'प्रतिसारणीय कम्म' भन्छन् ।

Downloaded from http://www.dhamma.digital

केही बौद्ध विश्वासहरू...४

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

दयाको खातिर गरीने हत्या

दया र हत्या कहिले पनि साथसाथै हुन सक्तैन–

बौद्धहरू दयाको कारणबाट कसैलाई मारीनु न्यायोचित भन्दैनन् । कहिल्यै पनि दया र हत्या एकै साथ हुन सक्दैन । कसैले आफूले पाली राखेको जनावरको दुःख वा कष्ट देख्न चाहन्न भनेर उनीहरूलाई मार्ने गर्दछन् । यदि दयाको कारणले पालीराखेको र अरू प्राणीहरूलाई मारीनु ठीक छ भने आफ्नो प्यारो व्यक्तिलाई पनी त्यस्तै गर्न किन मान्छेहरू त्यतिको हिच्कीचाउँछन् ?.

जब कसैले आफ्नो कुकुर या विरालो कुनै रोगको कारणबाट छटपटीएको देख्छ, ऊ त्यस विचरा जनावरलाई मार्ने तिर लाग्दछ । उनीहरूमा यसलाई दया पूर्वक मारेको भन्दछन् । वास्तवमा उनीहरूमा त्यस प्राणी प्रति दया छ भन्ने कुरा ठीक होइन । तर आफ्नै सावधानी र त्यस डर लाग्दो दृष्यबाट मुक्त हुनको लागी नै उनीहरूले त्यसलाई मारेको हो र उनीहरूमा त्यस पीडित प्राणि माथि दया भएको भए पनि पीडाबाट मुक्ति दिनको लागि उसलाई मार्ने उनीहरूमा कुनै अधिकार छैन । चाहे ऊ जत्तिकै दयालु भएता पनि यस प्रकारको हत्या सही तरीका होइन । घृणाको कारणबाट गरीने हत्या भन्दा यसरी गरीने हत्याको फल धेरै फरक हुन्छ । बौद्धहरूलाई कुनै पनि प्रकारको हत्यालाई न्यायोचित भन्ने कुनै आधार छैन ।

विचार वा नियत असल छ भने त्यो कार्य पनि असल हुन्छ भन्ने गलत धारणालिएर कोही व्यक्तिहरू यसरी गरीने हत्यालाई न्यायोचित भन्न खोज्छन् । उनीहरू भन्छन् की त्यस पीडित प्राणिलाई उसको पीडाबाट मुक्त गराउने बिचारले नै त्यसलाई मारेको हो, त्यसैले यो कार्य ठीक छ । तर दयाको भाव पछि उत्पन्न हुने चेतनाको कारणले गरीएको त्यस नराम्रो कार्य (हत्या) ले अवश्य पनि नराम्रो फल दिन्छ । त्यसैले नै बौद्ध सिद्धान्त अनुसार दयाको लागि गरीने हत्या राम्रो कर्म (कार्य) होइन ।

बुद्धले हत्या नगर्नका लागि सबैलाई सल्लाह दिनु भएको छ । यदि सबैले यस सल्लाहलाई मान्दछ भने मान्छेहरू एक अर्काको हत्या गर्ने छैनन् । बुद्ध भन्नु हुन्छ–आफ्नो ज्यान खतरामा पुगेको अवस्थामा पनि आफ्नो रक्षाको लागि कसैलाई मार्नु ठीक छैन । मैत्री नै आफ्नो रक्षाको हतियार हो । जो यस मैत्रीको अभ्यास गरी रहन्छ उसलाई यस्तो दुर्भाग्य शायदै आउँछ । तै पनि मान्छेले आफ्नो जीवनलाई यति माया गरेको हुन्छ कि ऊ आफूलाई अरू समक्ष समर्पण गर्न तयार हुँदैन र त्यस्तो अवस्थामा धेरैले आफ्नो रक्षाको लागि संघर्ष गर्छन् ।

आफ्नो रक्षाको लागि गरीने सघर्षमा यदि केही गरी मार्छु भन्ने चेतना बिना नै शत्रु मारीन गयो भने ऊ त्यस कार्यको लागि जिम्मेवार ठहरिदैन । त्यसको ठीक विपरीत जस्तो सुकै अवस्था भए पनि चेतना सहित उसले माऱ्यो भने त्यस कार्यको फलबाट ऊ मुक्त हुन सक्दैन । त्यसको परिणाम उसले भोग्नु पर्ने हुन्छ हामीले यो सम्झनु पर्छ कि 'मार्नु' मार्नु नै हो जब हामी यसलाई समर्थन गर्दैनौं हामी यसलाई हत्या भन्छौं । जब हामी कुन हत्यारालाई सजाय दिन्छौं भने त्यसलाई 'सजाय' भन्दछौं । जबकी यदि हामी कसैलाई मारेको मा समर्थन गर्छौं भने हामी यसलाई 'युद्ध' भन्छौं । जब यी शब्दहरूबाट भावनात्मक प्रतिकृया ल्याउँछौं तव हामी बुझ्न सक्छौं की 'मार्नु मार्नु नै हो ।

यदि हामी दया पूर्वक गरीने हत्या नगर्ने हौ भने समाजमा एउटा अवस्था हुन सक्छ । तर धर्मले यस प्रकार को हत्यालाई पूर्ण रूपले नराम्रो फलबाट मुक्त छ भनेर भन्न सक्दैन । तैपनि कुनै द्वेष या घृणाबाट रहित भएर, आवश्यकता भएर नै मात्र मारीनुको नराम्रो परिणाम प्रवल द्वेष र इर्ष्याको कारणबाट गरीने हत्याको दुष्परीणाम भन्दा कम नै हुन्छ ।

सत्य धर्म कुन हो ?

यदि कुनै धर्ममा चार आर्य सत्य आठ मार्गहरू छन् भने त्यसलाई सत्य धर्म मान्न सकिन्छ ।

विश्वमा किन त्यतिका विभिन्न धर्महरू छन् भनेर पत्ता लगाउन धेरै गाह्रो छ कुन चाहि सत्य छ ? सबै धर्मका अनुयायीहरू आ-आफ्नो धर्मलाई ठूलो बनाउन खोजिरहेका छन् । विभिन्न्ताले गर्दा केही एकरूपता ल्याएका छन् भने धर्मको विषयमा मान्छेहरू एकले अर्कालाई घृणा र हेयको दृष्टिले हेर्छन् एउटा धर्मको सबैभन्दा मर्यादित अभ्यास अर्को धर्ममा हास्यास्पद हुन्छन् आफ्नो दैवीय र शान्तिका सदेश अरूहरूलाई दिनको लागि किन मान्छेहरू हतियारको प्रयोग गर्छन् ? के तिनीहरूले धर्मको आदेशलाई दूषित गरेका छैनन् र ? कुनै कुनै धर्महरू मानवतालाई

एकतृत गर्नुको सट्टा विभाजन गर्नमा जिम्मेवार भएको देखिन्छन्।

एउटा सत्य र सही धर्म पत्ता लगाउनको लागि हामीले झुठा धर्महरूलाई जान्नु पर्छ। झुठा धर्म वा दर्शनहरूमा यी पर्दछन्– भौतिकवाद जसले मृत्यु पछिको जीवनलाई स्वीकार गर्दैन, अनैतिकवाद जसले असल र खराव मान्दैन, कुनै पनि धर्म जसले अद्भूत रूपले मान्छेलाई वनाउने वा दण्ड दिने कुरा सिकाउँदछ ईश्वरवादीहरू जसले जीवनमा हुने सबै कुरा पूर्व निश्चत भै सकेका हुन्छन् र अन्तमा सवैले मुक्ति पाउँछ भन्ने दृष्टि राख्दछन्।

एउटा सत्य र सही धर्म– पत्ता लगाउनको लागि हामीले सन्तोषजनक आधार पत्ता लगाउनु पर्छ। धर्मको सन्तोषजनक आधार त्यस्ता धर्म गुरू वा संस्थापकमा पाउन सक्दैन जसले सबै कुरा जान्न सक्ने र नित्य रहने दावा गर्छन्। देववाणी पनि धर्मको सन्तोष जनक आधार होइन किनभने यिनीहरू आपसमा नमिल्ने खालका एवं अविश्वसनाय सावित भएका छन्। तर्कना मात्रै (र कल्पना) पनि धर्मको अविश्वसनिय आधार हो किनभने तर्कना नमिल्ने र यसका निस्कर्ष झूठा हुन सक्छन् पूर्ण नास्तिक वाद सच्चा धर्म बनाउनमा कमजोर आधार हो।

बुद्ध धर्म यी असन्तोषजनक र अविश्वसनीय आधार बाट मुक्त छ। बुद्ध धर्म यथार्थवादी छ र यसलाई परिक्षा गरेर हेर्न सकिन्छ। यसका सत्यलाई बुद्धले, उहाँको अनुयायीहरूले जाँची (परीक्षा गरी) सकेका छन् र कोही पनि त्यसो गर्न चाहनेले त्यसो गर्नको लागि सँधै खुला रहेको छ।

बुद्धले कुनै पनि धर्ममा चार आर्य सत्य र आठ मार्गहरू भएको खण्डमा त्यो सत्य छ भनेर बताउनु भएको छ। यसबाट यो स्पष्ट हुन्छ कि बुद्ध कुनै एउटा धर्म वनाउन होइन सत्यलाई प्रकाश पार्न चाहनु हुन्छ।

धर्मको अनुशरण कसरी गर्ने ?

यदि हामलि आफ्नो इर्ष्या घमण्ड र दुष्टचाईलाई केही समयको लागि भए पनि हटाउन सिक्यौं भने धर्मलाई अनुशरण गर्ने सही बाटो हामीले पाएका हुन्छौं।

धेरैले धर्मलाई जीवनबाट टाढा हुने रूपमा लिएका छन्। त्यसैले धेरै व्यक्ति आफुलाई धर्मात्मा कहन्छन्, साँच्चैका धर्मात्मा होइनन्। उनीहरूले धर्मात्माको कपडा लगाउन सक्छ, उनीहरू धार्मिक स्थलहरूमा धेरै गएका पनि हुन सक्छन्। तैपनि भेष के को लागि हो भनेर उनीहरूले बुझ्न सकेका छैनन्। धर्मले मान्छेलाई असल गर्नको लागि सिकाउँछ, तर असल गर्ने पट्टि उसको अभिरूची छैन, धर्मको सत्य र महत्वपूर्ण पक्षलाई अनुशरण गर्नमा उसमा रूची छैन, कुनै धार्मिक महत्व नभएका कार्यहरू गर्न पट्टि नै ऊ लागि रहेको हुन्छ। अझै पनि धर्मले उसलाई के गर्नको लागि भन्छ भन्ने कुरा महशुस गरेको छैन। केही समयका लागि मात्रै भए पनि हामीले हाम्रो इर्ष्या, अहंपना र दुष्टचाइँलाई हटाउन सिक्यौं भने हामीले धर्मको अभ्यास गर्ने सही बाटो पाएको हुन्छौं। तर दुर्भाग्यवश मानिसहरूले आफ्नो धार्मिक कृयाकलापको आयोजना खराब विचार निर्मूल पार्ने तरीका होइन वरू त्यस्ता विचारलाई टेवा दिने र वढाउने तरिकाले गर्दछन्, जव हामी धर्मको काममा गरिने बिभिन्न कृयाकलापहरू देख्छौं–हामी सोच्छौं धर्मको विकास भै रहेछ। तर वास्तवमा धर्मको सही उदेश्य र मूल तत्व दिन पर दिनै गिरीरहेको छ।

हामी मध्ये धेरै जसो आफु धर्मात्मा भएको देखाउँछौं, तर धर्मकै नाममा हामीले ठूला महापापहरू गर्दछौं। धर्म खतरामा छ। धर्मले धेरै अनुशासन हीनता र आध्यात्मिकताको आधारमा त्यसको समाधान गर्नु पर्छ। आध्यात्मिकताको नाउँमा समस्या देखि टाढा भाग्नु कायरता हो र त्यो पक्कै आध्यात्मिकता होइन।

आजकल संसार धेरै कमजोर अवस्थामा छ, मानिसहरू धेरै तिव्र गतिमा आफ्नो विनास तिर लागि रहेका छन्। साथै उनीहरू एउता गौरवमय सभ्यता तिर लागी रहेका सम्झन्छन्। जुन अहिले कल्पनै गर्न सकिदैन। जताततै धर्मको नाममा अधर्म फैलि रहेका छन्। धेरै मानिसहरू आफ्नो व्यक्तिगत स्वार्थ र शक्तिको लागि धर्मको दुरूपयोग गर्दैछन्।

धेरै मानिसहरूले आफ्नो धर्मको उपादेयता प्रमाणित गर्न प्रमाणहरू पेश गर्न आवश्यक ठान्दछन्। केहीले यस्तो दावी गर्छन् कि उनीहरूको धर्म सब भन्दा पुरानो भएकोले यसमा सत्यता छ अर्को थरीको विचार अनुसार उनीहरूको धर्म सवै भन्दा पछिल्लो वा नयाँ भएकोले यसमा सत्यता छ। कोही भन्दछन्–उनीहरूको धर्ममा सब भन्दा वढी अनुयायीहरू भएकोले यसमा सत्यता छ तर यी कुनै पनि तर्क धर्मको सत्यता पत्ता लगाउन उचित छैनन्। विवेक र (Common Sense) को प्रयोग प्रयोग गरेर मात्र कुनै पनि धर्मको महत्व जाँच्न सकिन्छ।

क्रमशः

Downloaded from http://www.dhamma.digital

उन्नति र पतनको कारण मानिसको आचरण

■ भिक्षु अश्वघोष

मानिसको जीवन सुखमय र शिक्षित हुन शिक्षा अर्थात् अध्ययन नभै नहुने हुन्छ । शिक्षा भनेको पढेर ज्ञानी हुने औषधि र उपाय हो । तर, पढेर मात्रै ज्ञानी र शिक्षित हुने भन्ने चाँहि पक्कै होइन । ज्ञान बाहिरबाट आउँछ, ज्ञानी हुनु भित्रबाट हुन्छ । पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले सम्झी यो राम्रो हो, यो नराम्रो हो भनी बुझी महसूस गरी सतर्क हुनसके मात्र शिक्षित र ज्ञानी हुन सकिन्छ ।

आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढ्न पठाउनुको दुईटा कारण छन्- पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस् । शिक्षा भनेको स्कूलमा पढेर मात्र प्राप्त हुने कुरा होइन । सज्जनहरूको संगत र राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ । तर डाडुले दिनका दिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाए जस्तो संगत गरेर मात्र कहाँ शिक्षा पाइन्छ र ? चालनीबुद्धि मानिस कहिल्यै पनि शिक्षित हुन सक्दैन । चालनीले राम्रो जति फाली दिन्छ, नराम्रो मात्र जम्मा गर्ने गर्छ । नाङ्लो बुद्धिले मानिस शिक्षित र ज्ञानी हुनसक्छ । नाङ्लोले काम नलाग्नेलाई बाहिर फालिन्छ र काम लाग्ने मात्र बचाउने, जम्मा गर्ने काम गर्छ । आजभोलि त चालनीबुद्धि भएका मानिसहरूको संख्या बढी देखिन्छ, तर नाङ्लोबुद्धि र विवेकबुद्धि भएका मानिसहरूको संख्यामा ह्रास भईरहेको देखिन्छ ।

स्कूलमा गएर नपढी देश-विदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ । नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टी.भी हेरेर पनि शिक्षा लिन सकिन्छ । तर, राम्रो मात्र नाङ्लोले जम्मा गरे जस्तै राम्रो काम टिपेर लिन सक्नु पर्छ । तर आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने र प्रेरणा लिनेहरू बढी देखिन्छन् ।

बुद्ध धर्मअनुसार पढेलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिदैन । साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अनुसार सदाचारी हुन्छ, आमाबाबु, जेठा तथा गुरुजनहरूको सम्मान गर्न जानेको छ, घमण्डी हुँदैन, अनपढ र गरीबलाई हेला गर्दैन । अशिक्षितहरूलाई तालीम दिन सजिलो छैन् । तर मनोवैज्ञानिक तरिकाबाट सम्झाई बुझाई शिक्षा दिनसके तालिम हुन्छ, पढेलेखेका विद्वानहरूले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाहा गर्दैनन् । "एकतामा अनेकता" ल्याउँदैनन् । आफूलाई पनि अरुलाई पनि हित र भलो हुने, उपकार हुने काम गर्छन् । यस्ता गुणभएका व्यक्ति शिक्षित र विद्वान भनिन्छन् ।

आजभोलि अपवादस्वरूप मानिसहरू आई.ए. बी.ए., आदि पास भएपछि घरगृहस्थीको काम गर्न मन गर्दैनन् । तरकारी आदि किन्न बजार जाऊ भन्दा खेरि पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नलाई होइन । तरकारी किन्न जाने काम त अक्षर पढ्न नजान्नेहरूको काम हो, नोकरको काम हो भन्ने सुनिन्छ । पढेपछि सेवक बन्ने होइन, मालिक बन्न खोज्ने दास प्रवृति कहाँबाट आएको ! यी शिक्षा नीति नै "च्योबुद्धि" दासबुद्धिको हो कि ! पढेलेखेका छोराछोरीबाट घरको कामकाज नहुने भएपछि केहीले भन्न थालेका छन् "आजभोलि अनपढ छोरा बुहारी र छोरी नै ठीक" छोराहरूलाई पढाउन पनि नमिल्ने भएको छ । पढेलेखेकाहरूले बूढाबूढी आमाबाबुहरूको वास्ता गर्दैनन् भन्न थालेका छन् ।

पाली साहित्यको पराभव सूत्र अनुसार बुद्धले भन्नुभएको छ– **"सुविजानो भवं होति - सुविजानो पराभवो"** अर्थात्– पढेलेखेको मान्छे उत्थान पनि हुन्छ, पढेलेखेको मान्छे पतन पनि हुन्छ । कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ - उन्नति र पतन हुने उसको आचरण अनुसार हो ।

साधारण समाजको व्यवहारितिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेर मात्र मानिस शिक्षित हुँदैन, ठूलो मानिस बन्दैन् । शिक्षित वर्गले नै ठूला ठूला गल्ती र अपराध गरिरहेका पाइन्छन् । पढेलेखेका शिक्षित व्यक्तिहरूले (भिक्षुहरूले) पनि भन्नेलाई भन्न देऊ भनी ह्यामी हृदय भई बस्दछन्, लाज, शर्म र भयहीन भएका छन् । मानिसको व्यवहारले नै उसको शिक्षित पन र विद्वता चिन्न सकिन्छ । कामले मानिस उच्च र नीच हुन्छ जातले हुँदैन भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा छ ।

"न जच्चा वसलो होति न जच्चा होती ब्राह्मणो" अर्थात् जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन । **"कम्मना वसलो होति कम्मना होति ब्राह्मणो"** अर्थात् कामले नीच र ब्राह्मण हुन्छ ।

पढेलेखे अनुसार इमान्दारीपन र अलि नि:स्वार्थी हुनसके राम्रो हुने अझ आफ्ना कमजोरी र गल्ती महसूस गरेर आत्मालोचना गर्नसके "सुनमाथि सुगन्ध" थपिने हुन्छ । शिक्षाको महत्व पनि बढ्छ । देशको संस्कृति र सभ्यता पनि सुरक्षित हुन्छ । पुरानो कला वस्तु र रीतिस्थितिको रक्षा गर्नु मात्रलाई संस्कृति भनिदैन । मानिसको सभ्य जीवनसित संस्कृतिसंग घनिष्ट सम्बन्ध छ । संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनुपर्छ । जति भए पनि नपुग्ने तृष्णाको जालमा फस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन । भोकाएको मानिसबाट पनि संस्कृतिको रक्षा हुन सक्दैन । हाल फोहरी काठमाण्डौ देखेर विदेशीहरू नेपालमा संस्कृति नै छैन् भन्छन् । नेपालीहरू साह्रै अशिक्षित वर्गमा समावेश भएका छन् । यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएको छ । बुद्धको जन्मभूमि र सगरमाथाले नेपालीको शीर जति ठाडो भएको छ, उत्तिकै फोहरको पहाडले नेपाल धेरै तल खसेको छ । अत: नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ । भन्ने प्रश्न खडा भएको छ । तर जबसम्म साँच्चैका शिक्षक वर्गको विद्यमान हुन्छ । तबसम्म संस्कृतिको भविष्य उज्ज्वल हुनेछ ।

■

बुद्धधर्म नै समाज विकाश र आर्थिक क्रान्तिको मूल आधार

■ शिशिल चित्रकार

आज देश गणतान्त्रिक राजनीतिक व्यवस्थाभए अनुसार आर्थिक क्रान्ति ल्याउनुपर्ने तडकारो आवश्यकता देखिएकोमा कसैको विमति छैन । २०४६ को प्रजातन्त्र पश्चात सर्वोच्च कमाण्डर स्व. गणेशमानज्यूले पनि राजनैतिक क्रान्ति प्राप्त भयो अव आर्थिक क्रान्ति ल्याउनु पर्ने भनी आह्वान गर्नुभएको आजको अवस्थामा विशेष स्मरणीय भएको छ ।

देशको आर्थिक विकाशको कल्पना र कार्यक्रम हुन अश्वाभाविक ठहरिदैनन् तर सामाजिक विकाश विना आर्थिक विकाश प्राप्त हुन्छ भन्ने अवस्थाको परिकल्पना बेकार झैं लाग्दछ। आज देश समाजको यावत क्षेत्रमा विविध समस्याको भुमरीमा फसिरहेको निर्विवाद तथ्य हो । आज समाजको यावत क्षेत्रमा देखा परेका समस्याको कारक तत्व भनेको समाजको विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरूको असामाजिक क्रियाकलापलाइनै मान्नुपर्ने देखिन्छ । तसर्थ आज देशको आर्थिक विकाश गर्नको लागि समाजको विभिन्न क्षेत्रको विकाश गर्नु आवश्यक छ र त्यसको लागि तत् क्षेत्रमा लागिपरिरहेका मानवहरूको लागि बुद्ध धर्मको आधारमा नैतिक व्यवहारिक र कार्यकुशलता तथा सही परीणाममुखी काममा लाग्न जोड दिनु आवश्यक छ । आज समाजको हरेक क्षेत्र समस्याको भित्र लुकेको छ अनैतिकता, अधार्मिक, असामाजिक तथा विना नीति र दायित्व नभएको खाली व्यक्तिगत स्वार्थ र जसरी भएपनि पैसा कमाउने एउटै मात्र लक्ष्य भएकोले हो । अर्को शब्दमा भन्ने हो भने समाजको कुनै क्षेत्रमा पनि सामाजिक दायित्व पुरा गर्ने तरीका मानव विकाश गर्ने किसिमको नीति, लक्ष्य र मिशन नै छैन कि जस्तो भान हुन्छ ।

शैक्षिक क्षेत्रः नीजि स्कूल, कलेज महंगीको कारणले बहुसंख्यक व्यक्तिहरूको पहुँच भन्दा टाढा छन् । एकातिर सरकारी स्कूलको शिक्षाको स्तर नराम्रो भन्नु, अर्कोतिर निजी स्कूलको शिक्षा महंगी माथि ट्युशन, व्रिज कोर्ष गर्नुपर्ने बाट के शिक्षाको स्तर वास्तवमा राम्रो कि नराम्रो भन्ने ? एकातिर देश समाजलाई पैसा समय श्रमको मार छ भने अर्कोतिर दोहोरो तेहोरो लगानीको अवस्थाबाट पनि वास्तविक कार्य, परीणामबाट विमुख त भइरहेको छैन ? अव यसमा सरकारी कार्यक्रम के कसो छन् वा छैन तर समुदायको तर्फ विशेष पहल हुन आवश्यक ठान्छु । सस्तो र स्तरीय तथा सामाजिक विकाशको लागि चाहिने आवश्यक शिक्षा दिने गरी स्कूल, कलेजको स्थापना तथा सक्षम व नैतिकवान व्यक्ति नै समाजको विकाशको मूल आधार हो भन्ने भिजन सहित समाज विकाशका लागि सक्षम श्रृजनशिल जनता उत्पादन गर्ने लक्ष्य लिएर सस्तो र गुणस्तरिय नैतिक शिक्षा दिने मिशन आजको आवश्यकता हो ।

स्वास्थ्यः महंगो नीजि अस्पताल, नर्सिङ्ग होमहरूको साटो परम्परागत वैद्य, आयुर्वेद परम्परालाई संस्थागत रूपबाट विकाशगरी बहुसंख्यक व्यक्तिहरूलाई सर्व सुलभ सेवा गर्ने किसिमले यो सेवाको लक्ष्य हुनु पर्दछ समाजमा स्वास्थ्य सेवाको सर्वसुलभ उपलब्धता । त्यस्तै यो सेवाको मिशन हुनुपर्दछ समाजमा भएका परम्परागत स्वास्थ्य सेवाको आधारमा देश समाजमा रोग निर्मूल गर्ने । यो सेवाको भिजन हुनुपर्दछ देश समाजमा स्वच्छ स्वस्थ र नैतिकवान व्यक्तिहरू देश विकाशको लागि आवश्यक ।

प्रशासनिक, न्यायिक क्षेत्रः देशको प्रशासनिक, न्यायिक लगायत अन्य विविध सरकारी गैन्ह सरकारी कार्य क्षेत्रमा कार्यरत व्यक्तिहरूमा नैतिक व धर्मको अभावमा सर्व साधारण जनताले सुखको अनुभूति गर्न नसकिने देखिन्छ । तसर्थ समाजको हरेक अंगमा कार्यरत व्यक्तिहरूमा नैतिकवान हुने खालको धर्म र नैतिक शिक्षा दिनुपर्ने आवश्यक छ । विविध सरकारी गैन्ह सरकारी कार्य क्षेत्रको लक्ष्य हुनु पर्दछ देश समाजको सर्व साधारण जनताहरूलाई विना झंझट सेवाग्राहीलाई सरल ढंगले सेवा प्रदान गर्ने, यसको भिजन समाजको यावत क्षेत्रको समस्या र सर्वसाधारण जनताको समस्यालाई धर्मको आधारमा समाधान गर्ने, त्यस्तै यो क्षेत्रको मिशन हुनुपर्दछ प्रशासनिक, न्यायिक लगायत अन्य क्षेत्रमा धर्म र नैतिकताको पहुँच बढाउने ।

बेरोजगारी समस्याः स्वास्थ, शैक्षिक, क्षेत्रमा परीवर्तन भएमा रोजगारको समस्या पनि बढ्ने तथा महंगीबाट पनि केही राहत पाउने देखिन्छ भने प्रशासनिक, न्यायिक क्षेत्रमा नैतिकवान व्यक्तिहरूको वाहुल्य भएमा समाजमा परि वर्तनको लहर नै शुरू हुने अपेक्षा गर्न सकिन्छ। यसरी देश समाजको विभिन्न क्षेत्रमा नैतिकवान व्यक्तिहरूको वाहुल्य भएमा समाजको विकाशको लागि तयार हुने जनमत पनि तयार हुने निर्विवाद छ ।

निश्कर्षः आज समाजको विविध क्षेत्रमा समस्याको पहाड भएकोमा कसैको दुइमत छैन तर समस्या समाधानको लागि चाहिने धर्म र नैतिकवान व्यक्तिहरूको आवश्यकता, पहिचान, उत्पादनलाई वेवास्ता गरी खाली एउटा गल्तिलाई छोपेर अर्को गल्ति गर्ने परम्परा मात्र देखिन्छ । तसर्थ अब तत्काललाई समाजको यावत समस्या समाधान गर्न नसकिएको अवस्थामा भविश्यको सुन्दर समाजको निर्माणको लागि लामो योजना बनाई बुद्ध धर्मको आधारमा नैतिकवान, धार्मिकवान व्यक्ति तयार गर्नु आजको आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मंगल होस् !!

Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

मिलिन्द-प्रश्न – २१

(तस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

५. पृथ्वी केमा अडिएको छ

राजाले भन्नुभयो– "भन्ते ! तपाईंहरू भन्नुहुन्छ कि यो पृथ्वी पानीमाथि अडिएको छ, पानी हावामा र हावा आकाशमा अडिएको छ । यो कुरो म मान्दिन ।"

स्थविरले भन्नुभयो– "करूवा (धर्मकरक, गडुला, टुटी भएका पानी खांने भाँडो) मा पानी लिएर राजालाई बताउनुभयो– महाराज जसरी यो पानी हावामा अडिएको छ उसरी नै त्यो पानी पनि हावामा अडिएको छ ।

भन्ते ! धेरै राम्रो कुरा गर्नुभयो ।

६. निरोध र निर्वाण

राजाले भन्नुभयो– "भन्ते ! के निरोध हुनु नै निर्वाण हो ?"

"हो महाराज ! निरोध हुनु (रोकिनु, बन्द भएर जानु) नै निर्वाण हो ।"

भन्ते ! निरोध हुनु नै निर्वाण कसरी हुन्छ ?

महाराज ! सबै संसारीक अज्ञानी जीव, इन्द्रियहरू र विषयहरूको उपभोगमा लागिरहन्छन् त्यसैमा आनन्द लिन्छन् र त्यसैमा डुबिरहन्छन् । तिनीहरू त्यसैको प्रवाह (धारा) मा बगिरहन्छन् बारम्बार जन्म लिनुबाट, बूढो हुनुबाट, मर्नबाट, शोक गर्नबाट, रुनुकराउनु छाती पिट्नुबाट, दु:ख छटपट र दिकदारीबाट छुट्दैनन् । दु:खको दु:खैमा रहिरहन्छन् ।

महाराज ! तर ज्ञानी आर्यश्रावकजन (सज्जन भिक्षु) इन्द्रियहरू र विषयहरूको उपभोगमा लागिरहँदैनन्, तिनीहरूमा आनन्द लिंदैनन् र तिनीहरूमा डुबिरहँदैनन् । त्यसले गर्दा उनीहरूको तृष्णा निरोध (बन्द) हुन्छ । तृष्णा निरोध हुँदा उपादान निरोध हुन्छ । उपादान निरोध हुँदा भव निरोध हुन्छ, भव निरोध हुँदा जन्म लिने काम बन्द हुन्छ । पुनर्जन्म रोकिएपछि बूढो हुनु, मर्नु, शोक रुनु, पिट्नु, दु:ख, छटपट र दिकदारी सबै दु:ख रोकिन्छन् । महाराज ! यसरी निरोध हुनु भनेको निर्वाण हो ।

भन्ते ! तपाईंले ठीक भन्नुभयो ।

७. कसले निर्वाण पाउनुहुन्छ ?

राजाले भन्नुभयो– "भन्ते ! के सबै जीवहरूले निर्वाण पाउँछन् ?"

होइन महाराज ! सबैले निर्वाण पाउँदैनन् । जो पुण्य गर्नुहुने, स्वीकार गर्न योग्य धर्महरूलाई मान्नुहुने जान्न योग्य धर्महरूलाई जान्नुहुने, अनुचित धर्महरूलाई छोड्नुहुने, अभ्यास गर्न योग्य धर्महरूलाई अभ्यासमा ल्याउनुहुने र साक्षात्कार (दर्शन, प्रत्यक्ष अनुभव) गर्न योग्य धर्महरूलाई साक्षात्कार गर्नुहुने हुन्छन् उहाँहरूले मात्रै निर्वाण पाउनुहुन्छन् ।

भन्ते ! धेरै राम्रो कुरा गर्नुभयो ।

८. निर्वाण नपाउनुहुनेले पनि जान्नसक्नुहुन्छ कि यो सुख हो ?

राजाले भन्नुभयो– "भन्ते ! जसले निर्वाण पाउनु भएको छैन के उनले जान्नुहुन्छ कि निर्वाण सुख हुन्छ ?"

"हो महाराज ! जसले निर्वाण पाउनु भएको छैन उनले पनि जान्नुहुन्छ कि निर्वाण सुख हुन्छ ।"

"भन्ते ! आफैं (स्वयम) ले त्यसलाई नपाइकन कसरी जान्नुहुन्छ कि निर्वाण सुख हुन्छ ?"

महाराज ! जसको हात अथवा खुट्टा कहिल्यै काटिएको छैन्, भने उसले जान्नुहुन्छ नि हात अथवा खुट्टा काटिनाले दु:ख हुन्छ भनेर ?

हो भन्ते ! जान्नुहुन्छ ।

कसरी जान्नुहुन्छ ?

भन्ते ! हात अथवा खुट्टा काटिएका अरू मानिसहरू छाती पिटीपिटी रुएको सुनेर जान्नुहुन्छ कि यसमा दु:ख हुन्छ ।

महाराज ! यसरी नै निर्वाण पाउनु भएका मानिसहरूबाट सन्तोष र प्रीतिपूर्ण (स्नेहपूर्ण) वाक्यहरू सुनेर उहाँहरूले पनि जसले यो निर्वाण पाउनु भएको छैनन् जान्नसक्नुहुन्छ कि निर्वाण सुख हुन्छ ।

भन्ते ! राम्रोसित सम्झाउनुभयो । *क्रमश:*

पहिलो वर्ग समाप्त

Downloaded from http://www.dhamma.digital

मनोबल

■ नरेन्द्रनाथ भट्टराई

> "निर्भयनै आत्मज्ञानको लक्षण हो । जबसम्म अर्को भन्ने हुन्छ तबसम्म भय रहिरहन्छ । अर्को भन्ने भाव तब हट्दछ जब आत्मज्ञान हुन्छ ।"
>
> साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)

"मनएवमनुष्याणां कारणंवन्धमोक्षय"

मानिसलाई बन्धमा (दु:ख) पार्ने तथा मोक्ष (आनन्द) दिलाउने मन नै हो ।

वास्तवमा भन्ने हो भने मानिस भनेकै मनको पुन्ज हो । जन्म, मरण, जीवन र जीवनका सम्पूर्ण क्रियाकलापहरू मनको राज्यभित्र नै भइरहन्छन् । मनोवल गिर्न जाँदा र मनोवल बढ्न जाँदा त्यहीं मानिसको अवस्था कस्तो हुन्छ ?

६०/७० वर्ष अगाडिको कुरा हो, भारतको उत्तर प्रदेशको एउटा गाउँमा तीन जनाको एउटा परिवार थियो । प्रहरी हवल्दार, उनकी पत्नी र एउटा रामु भन्ने छोरा । ५/७ वर्षको उमेर हुँदा एकपटक रामुलाई टायफाइदको ज्वरो आएपछि ज्यादै कमजोर र दुब्लो पातलो हुँदै गयो । २/३ वर्षसम्म पनि तंग्रिन सकेन । हट्टाकट्टा, जुङ्गेमुठे हवल्दारको व्यक्तित्व पनि निकै राम्रो थियो । गाउँले सबैलाई उसले निकै प्रभाव पारेको थियो । आफू त्यस्तो तर आफ्नो छोरो चाहिं त्यस्तो लिखेटट्टु ! उसलाई साऱ्है चिन्ता पऱ्यो । छोरोलाई देख्यो कि गाली गरिहाल्थ्यो, "तैंले त मेरो नाकै काटिदिने भइस् !" कस्तो मरणच्याँसे ? बारम्बार यस्तै यस्तै भनिरहन्थ्यो । बाबुको वचनको कुप्रभाव बच्चामाथि झन्झन् पर्न थाल्यो । स्कूल जान पनि नसक्ने हुन थाल्यो । संधै "म किन यस्तो भएँ हुँला, अब म केही गर्न सक्दिन, सबै साथी भन्दा म चुत्था भएँ !" यस्तै यस्तै हीन भावना त्यो केटोमा बढ्न थाल्यो ।

एकदिन पर अर्कै गाउँबाट रामुको मामा आफ्नै बहिनीलाई भेट्न भनी आएका थिए । १/२ दिन बस्दा रामुप्रति आफ्नो भिनाज्यूको व्यवहार देख्दा र रामुको अवस्था देख्दा मामालाई दयालागेर आएछ र उनले बहिनीलाई, म भाञ्जालाई मेरो गाउँघरमा लिएर जान्छु र पढाउँछु भने । बहिनीले पनि सायद वहाँ गएर ठीक हुन्छ कि भन्ठानी मन्जुरी दिइन् । मामा चाहिं अर्को गाउँको पाठशालाको शिक्षक थिए । २/४ दिनसम्म मामाले रामुलाई लिएर घुम्ने, हिंडाउने, मीठामीठा कुरा खान दिने, माया गर्ने गर्दै गए । रातीराती पुराण र इतिहासका वीर, बलवान र पराक्रमी राजा र व्यक्तिहरूको कथा सुनाउने गर्दथे । यसरी एक हप्तामै रामुमा निकै परिवर्तनहरू देखिन थाले । मामाले स्कूल पनि भर्ना गरिदिए । रामुले राम्ररी पढाइ पनि अघि बढाउँदै गए । स्कूलका सबै खेलकूदहरूमा भाग लिए । हुँदाहुँदा खेलकूदमा सर्वप्रथम हुन थाले । यसै रितले अघि बढ्दै २० वर्षका जवान भए । एकदिन गाउँमा एउटा भैंसी आहालमा गाडिएर बाहिर निक्लन नसक्दा कसैले पनि झिक्न सकेका थिएनन् रामु आएर मजासँग बाहिर झिकिदिए । यिनै रामु त्यस बखतका भारतका मात्र होइन विश्वभरीका नै सर्वश्रेष्ठ कुस्तिवाज भए ।

यस्तै हुन्छ मनोवलको करामत ! शिक्षित मामाको घरमा आउने मौका नपाएर घरैमा बस्नु परेको भए सायद रामुले आफ्नो यौवनवस्था नै पनि देख्न पाउने थिए कि थिएनन् होला शंकैको कुरा छ ।

आत्मालाई चिन्ने एउटै मात्र माध्यम

■ राजीव वज्राचार्य

आँखामा पट्टी बाँधी संसार देखिदैन ।
ध्यान विना शरीरमा रहेको आत्मा चिनिदैन ।

बुद्धत्व पाए सिद्धार्थ कुमारले गरेर ध्यान
विश्वमा फैलाए आफूले प्राप्त गरेको ज्ञान
ध्यानले गरेर नै बुद्ध भए महान
प्राप्त गरे बुद्धले महापरिनिर्वाण
ध्यानको महिमा अपरम्पार
बुद्धले बदलिदिए यो संसार

आऊ सबै मिली गरौं ध्यान
आत्मालाई चिन्नलाई गर्नुपर्छ ध्यान ।

Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति विहार — गतिविधि

विषय- बुद्ध धर्ममा सम्यक स्मृति

२०६५ मंसीर २८ गते
प्रवक्ता- डा. कविन्द्र वज्राचार्य
प्रस्तुती- राजभाई तुलाधर

यसदिन डा. वज्राचार्यले आर्य अष्टांङ्गिक मार्ग मध्यको सम्मासति अर्थात् सम्यक स्मृतिको महत्त्वबारे विस्तृत रूपमा ब्याख्या गर्नुभयो । वहाँको प्रवचनको सार संक्षेप निम्नानुसार छः–

दुई अतिमार्गलाई छोडेर भगवान बुद्धले जुन मध्यम मार्गको प्रतिपादन गर्नुभयो त्यो नै आर्य अष्टाङ्गिक मार्ग हो । यस मार्गको सातौं अङ्ग हो सम्यक स्मृति । आजकल स्मृति भन्नाले संज्ञना अथवा याददास्तलाई मात्र बुझिन्छ । तर बुद्धले स्मृति शब्दलाई यस अर्थमा प्रयोग गर्नु भएको थिएन । वहाँले प्रतिक्षण होशपूर्वक जागरूक भएर प्रमादर हित रहनुलाई स्मृतिपूर्वक जिउनु भन्नुभएको थियो । वर्तमानमा जे भइरहेछ अथवा जे गरिरहेका छौं त्यसमा सजग भई ध्यान केन्द्रित गर्न सक्यौं भने स्मृतिवान् होइन्छ । यहाँ यो कुरा मनन योग्य छ कि भगवानले सिर्फ स्मृति मात्रै भन्नुभएन, वहाँले सम्यक स्मृति भन्नुभयो । यसको मतलब हो ठीक रूपमा स्मृतिवान बन्नु । खराब काम गर्नेले पनि एकदम ध्यान दिएर गर्छ र सफलता पनि प्राप्त गर्छ तर यो उसको आफ्नै अथवा अरूको हितमा हुँदैन । सम्यक स्मृति भयो भने मात्रै होशपूर्वक आफ्नो पनि अरूको पनि हित हुने काम गर्छ । ३७ वटा बोधिपक्षिय धर्ममा आठ ठाउँमा स्मृतिको उल्लेख भएको पाइन्छ । भगवानले स्मृतिलाई कति महत्त्व दिनु भएको थियो भन्ने कुरा यसबाट प्रष्ट हुन्छ । लोकिय र लोकोत्तर दुवै क्षेत्रमा प्रगतिको लागि स्मृतिको परम आवश्यकता छ । भगवान स्वँयं अर्हत सर्वज्ञ सम्बुद्ध भइसक्नु भएर पनि आफ्नो अन्तिम जीवनको अन्तिम क्षणसम्म पनि निरन्तर स्मृतिवान भएर जिउनुभयो । वहाँ उठ्दा, सुत्दा, बस्दा, हिंड्दा जुनसुकै बेलामा पनि सजग र सचेत रहनुहुन्थ्यो । त्यसैले वहाँलाई जागृत मानव पनि भनिन्छ । लौकिक क्षेत्रमा होशपूर्वक काम गर्नाले सफलता मिल्छ भन्ने कुरा त हामीले सबैलाई थाहा छ । लोकोत्तर क्षेत्रमा अगाडि बढ्न त यसको अझ बढी आवश्यक छ । प्रत्येक क्षण प्रज्ञापूर्वक स्मृतिवान बन्न सक्यौं भने हामी निर्वाणको नजिक पुग्दै जान्छौं । हाम्रो शरीरमा हुने उत्पत्ति बिनास स्वभावलाई (उदय व्ययलाई) जानेर अनुभूतीको स्तरमा अनित्यबोध गरी समतापूर्वक रहनुनै प्रज्ञापूर्वक स्मृतिवान बन्नु हो । यही प्रकृयाबाट नै हामीले मनमा भएको क्लेशलाई हटाउन सक्छौं र नयाँ क्लेशलाई मनबाट टाढा राख्न सक्छौं । भगवान बुद्धले भिक्षुहरूलाई आफ्नो अन्तिम उपदेशमा भन्नुभएको थियो– **"वयधम्मा संखारा अप्पमादेन सम्पादेथ"** सबै संस्कारहरू व्ययधर्मा हुन् भन्ने जानेर अप्रमादी भई आफ्नो काममा (क्लेशबाट मुक्त हुने काम) निरन्तर लागिरहनु । त्यसैले हामी पनि संधै अप्रमादी (सम्यक स्मृतवान) भई दुःखबाट मुक्त हुने बाटोमा निरन्तर लागीरहन सकौं ।

२०६५ पौष ५ गते ।
स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघल ।
प्रस्तुती- मिनरवती तुलाधर ।

यसदिन श्रद्धेय इन्दावती गुरुमांले दशजना अनागत बोधिसत्त्वहरूको विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– "बुद्ध हुन चाहने व्यक्तिले बोधिसत्त्वचर्या पूरा गर्नु अनिवार्य हुनेछ । यसलाई पारमिता भनिन्छ । बोधिसत्त्वचर्या पूरा गर्ने क्रममा उहाँहरूले दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता गरी जम्मा ३० पारमिताहरू पूरा गर्नुपर्ने हुन्छ । यी ३० प्रकारका पारमिताहरू पूरा गर्नका लागि मेहनत गरिरहनु भएका १० जना बोधिसत्त्वहरूको नाम यसरी उल्लेख गरिएका छन्–

१) मैत्री, २) रामराजा, ३) पसेनदी कोशल राजा, ४) अभिभूदेवता, ५) दीघसोनी राहु, ६) असुर चण्डनी ब्राह्मण, ७) शुभमानवक, ८) तोदेय्य ब्राह्मण, ९) नालागिरी हात्ती, १०) पारिलेय्यक गजराज आदि ।

आर्थिक विकासको लागि बुद्ध धर्म

प्रस्तोता- श्यामलाल चित्रकार

२०६५ साल पौष १२ गते, शनिवारका दिन श्री त्रिरत्न मानन्धरज्यूले आर्थिक विकासको लागि बुद्ध धर्म विषयमा प्रवचन दिनुभएको थियो–

"सब्बे सत्ता आहारट्ठितिका" अर्थात् सबै प्राणीहरू आहारमा भर पर्दछन् । "जिघच्छा परमारोगा" अर्थात् भोक लाग्नु सबभन्दा ठूलो रोग हो । गोरु खोज्दै भोकाएको

किसानलाई भगवान बुद्धले पहिला खाना खान दिनुभयो अनि मात्र उपदेश सुनाउनु भयो। भगवान बुद्धको उपदेशहरू निर्वाण प्राप्तिको लागि आध्यात्मिक विषयका हुन्। रूपैयाँ पैसा लेनदेन र देशको आर्थिक अवस्थासित सरोकार राख्दैन भनि सोच्नेहरू पनि हुन्छन्। तर त्रिपिटकको विभिन्न सुत्रहरूमा भिक्षु-भिक्षुणीहरू, गृहस्थहरू, व्यापारीहरू र देशका राजाले अर्थ सम्बन्धी पालना गर्नुपर्ने धेरै उपदेशहरू छन्। यस सम्बन्धमा विद्वानहरूले धेरै उजागर गरि सकेकाछन् तापनि अनुसन्धानका ढोका अझै खुल्लाछन्। उपरोक्त विद्वान वक्ताले १ घण्टाको समयमा धेरै कुराहरूमा प्रकाश पार्नुभएको थियो। सोको छोटकरी विवरण बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ–

(१) यौवनमा धन नकमाउने व्यक्ति माछा नभएको जलाशयमा बुढो क्रौन्च भन्ने पन्छी जस्तो झोक्रिएर बस्नुपर्ने हुन्छ।

(२) एउटा धनी बाबुले आफ्नो छोरालाई मोजमज्जामा मात्र राखे। केही शिल्प विद्या सिकाएन। बाबुको मृत्यु पछि रक्सीको लत लागेको छोराले सम्पूर्ण सम्पत्ति विनास गरेर मागेर खानुपर्ने भयो।

(३) केही छैन गरिब छु नभनी एकजना विचारवान उद्यमीले मरेको मुसा खोज्दै बिरालो पाल्ने साहु कहाँ लगेर बेच्ने व्यवसाय शुरू गरेपछि नयाँनयाँ काम बढाउँदै लागी धनाढ्य बन्न सफल भए।

(४) आधुनिक अर्थशास्त्रीहरूले मागलाई बढाउन उपभोगलाई जोड दिन्छन्। तर भगवान बुद्धले संयमपूर्वक आवश्यकमात्रामा मात्र उपभोग गर्न सल्लाह दिनुहुन्छ।

(५) आफ्नो कमाइको चार भागको २ भाग आफ्नो काम व्यवसायमा लगाउने एक भाग खानामा खर्च गर्ने चौंथो भाग पछि आउन सक्ने आपद विपदको लागि वचत गरिराख्ने साथै आम्दानी अनुसार खर्च गर्ने श्रमजीविका जीवनयापन गर्ने बारे भगवान बुद्धको उपदेश बुझ्ने हो, भने अहिलेको वजेटिङ्ग धारणा कुनै नयाँ होइन।

(६) अर्थशास्त्रमा दुईवटा तहबाट अध्ययन गरिन्छ
(क) Micro Level (ख) Macro Level
व्यक्तिगत तहमा गणना गरिने आम्दानीलाई Micro Level भनिन्छ। देशकै शालाखाला प्रति आम्दानी निर्धारण गर्नेलाई Macro Level भनिन्छ। देशको अमन चयन र शक्तिको लागि जनताको हित सुखको लागि सिंहनाद सूत्रमा भगवान बुद्धले समस्त देशकै उन्नतिको लागि जनताको क्षमता र चाहना अनुसार रोजगारीको व्यवस्था मिलाइदिने र कूटदन्त सूत्रमा अनुचित र खर्चिलो यज्ञ गर्नुभन्दा लोककल्याणकारी र फलदायी यज्ञ गर्ने सल्लाह दिनुभयो।

(७) पञ्चशील पालन गर्ने कुरा गर्दा धार्मिक कुरा जस्तो लाग्छ तर राम्रोसंग विचार गरी हेर्दा आर्थिक विकाससंग पनि धेरै निकट सम्बन्ध छ।

(८) आर्थिक विकासका पूर्वाधारहरू यातायात, विजुली, संचार, पानी, स्वास्थ्य इत्यादि विषयहरूमा वोधिसत्वहरू आफ्नो विभिन्न जीवन कालमा पारमिता पुरा गर्न तत्कालिन मानिसहरूलाई चाहिने इनार, पाटी, सडक, वगैंचा इत्यादि निर्माण गर्ने, गराउने कार्यमा लाग्नुहुन्थ्यो।

(९) मंगलसूत्रमा उल्लेखित ३८ वटा मंगल मध्ये मूर्खहरूसंग संगत नगर्नु, पण्डितहरूसंग संगत गर्नु, राम्रो, मीठो वचन बोल्नु, मद्यपानमा संयम गर्नु इत्यादी धेरै मंगलहरू आर्थिक विकाशसंग सिधा वा परोक्ष सम्वन्ध राख्न सकिन्छ भने बहुश्रुत र शिल्पज्ञान हुनेले आर्थिक उन्नति गर्दै गरेको सुनेको र भोगेको कुरा हो।

(१०) सस्त्र अस्त्र, मानिस जीवजन्तुहरूको, सत्व प्राणीहरूको मासु, विष र लागु पदार्थको किनवेच गर्नु हुन्दैन भन्ने प्रष्ट उपदेश छ तर हालको विश्वको अर्थ व्यवस्थामा सस्त्र, अस्त्र, मासु, धुम्रपान र मद्यपानले ठूलो हिस्सा ओगटेको देखिन्छ।

श्रद्धाञ्जली सभा

२०६५ माघ १३ सोमवार
स्थान- श्रीघः नःघल, काठमाडौं।

यसदिन धमकीर्ति विहार लगायत श्रीघः विहार सुधार समितिको संयुक्त आयोजनामा दिवंगत डा. थीरमान शाक्यको श्रद्धाञ्जली सभा संचालन गरिएको थियो।

वि.सं. १९९४ मा नःघल टोलमा जन्मनुभएका वरिष्ठ छातिरोग विशेषज्ञ तथा समाजसेवी डा. थीरमान शाक्यले न् १९५९ मा एम.वि.वि.एस. उत्तीर्ण गर्नुभई सन् १९७१ मा लण्डनबाट छातिरोग सम्बन्धी विशेषज्ञता हासिल गर्नुभएको थियो। त्यसपछि उहाँले बेलायतको लण्डन, भारतको वंगलोर, जापानको टोकियो, लगायत श्रीलंकाको कोलम्बोमा विशेष तालिम हासिल गर्नुभएको कुरा बुझिएको छ।

नेपाल एन्टी टि.बि. एसोसियउनको महासचिव, स्वास्थ्य सेवा राष्ट्रिय समन्वय परिषदका सदस्य, परिवार कल्याण सम्बन्धी राष्ट्रिय अनुसन्धान समितिका निर्देशक,

Downloaded from http://www.dhamma.digital

श्रीःघः नःघःल परिसरमा दिवंगत डा. थिरमान शाक्यको शोकसभा कार्यक्रम संचालन गरिदै

नेपाल एन्टी टि.बि. सोसाइटी कार्यकारी सचिव, जनचिकित्सालयका संस्थापक सदस्य, धर्मश्री, क्लिनिकका संस्थापक, नेपाल मेडिकल सोसाइटीका पूर्व सदस्य, परोपकार संस्थाका सहमहामन्त्री, रेडक्रसका आजीवन सदस्य, चेष्ट फिजिसियन एसोसियसेन नेपालका अध्यक्ष समेत रहनुभएका उहाँले क्षयरोग सम्बन्धी परिचय दिने पुस्तक र ब्रोङ्कायल आयुज्मा सम्बन्धी पुस्तक समेत तयार गर्नुभएको कुरा बुझिएको छ । धर्मकीर्ति विहारका प्रमुख श्रद्धेय भिक्षुणी धम्मवतीको सभापतित्त्वमा संचालित यस श्रद्धाञ्ली सभामा श्रीघः विहार सुधार समितिका सदस्य सचिव गुह्यरत्न शाक्यले स्वागत भाषण गर्नुहुँदै दिवंगत डा. थीरमान शाक्यको जीवनी प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा बहुप्रतिभाशाली दि. डा. थीरमान शाक्यले स्वास्थ्य एवं सामाजिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

निर्मला गोर्खाली (लायन्स क्लब, काठमाडौं महांकाल अध्यक्ष), रोशनकाजी तुलाधर (धर्मकीर्ति स्वास्थ्य कमिटीबाट), अमीरमान शाक्य (परिवारको तर्फबाट), पूर्वमन्त्री पि.एल.सिंह, पूर्व मन्त्री प्रयागराज सिंह सुवाल, प्रो. माणिकलाल श्रेष्ठ, प्रो. ऐश्वर्यलाल प्रधानाङ्ग, केदार शाक्य आदि । भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रम केदार शाक्यले संचालन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीले सभापतिको आसनबाट बोलनुहुँदै भन्नुभयो– **"रूपं जीरति मच्चानं नामं गोत्तं नजीरति"** अर्थात् मानिसको रूप जीर्ण भएपनि उनीहरूले छोडेर गएको अविस्मरणिय प्रेरणादायी कार्यहरूबाट कमाइएको नाम जीर्ण हुँदैनन् । त्यसैले आज डा. थीरमान शाक्यको शरीर हाम्रो अगाडि नरहे पनि उहाँले छोडेर जानुभएको राम्रो कीर्ति हाम्रो अगाडि अमर भएर बाँचिरहेका छन् । उहाँको यही कीर्ति र गुणलाई स्मरण गर्दै आज हामीले उहाँप्रति मैत्री प्रदान गर्दै सामुहिक पुण्यानुमोदन गरौं ।"

कार्यक्रममा उपस्थित हुनुभएका थुप्रै महानुभावहरूले दि. थीरमान शाक्यको तस्विरमा फूल र खादा चढाई श्रद्धाञ्जली अर्पण गर्नुभएका थिए । कार्यक्रको अन्त्यमा डा. थीरमानको गुणानुस्मरण गरी १ मिनेट मौन धारण गरिएको थियो । कार्यक्रम समापन पश्चात् कार्यक्रममा उपस्थित हुनुभएका सबै गण्यमान्य अतिथी वर्गहरूलाई धर्मकीर्ति विहारको तर्फबाट उक्त विहार भित्र जलपानको आयोजना गरिएको थियो ।

मैत्री बोधिसत्त्व महाविहार जमो बहाःमा बुद्धपूजा र धर्मदेशना

२०६५ पौष २० गते । यसदिन पञ्चशील प्रार्थना र बुद्धपूजा कार्यक्रम पश्चात् धम्मवती गुरुमांबाट आ-आफ्नो मनलाई ज्ञानले परिपूर्ण गर्नका लागि चित्त एकाग्रह पारी धर्मदेशना सुन्न आवश्यक भएको विषयमा प्रवचन गर्नुभएको थियो । धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला प्रस्तुत गरेको उक्त दिन उपस्थित श्रद्धालु उपासकोपासिका लगायत गुरुमांहरूलाई जलपानको व्यवस्था मिलाउनु भई पूण्यसञ्चय गर्नुहुने दाताहरूको नाम यसरी रहेको थियो-शान्ति तुलाधर, मैयाँ कंसाकार, केशरी तुलाधर, वीणा स्थापित ।

अल्पकालिन श्रामणेर, गुरुमां एवं ऋषिनी प्रव्रज्या सम्पन्न

२०६५ पौष २६ देखि माघ ३ सम्म

स्थान- बौद्ध जन विहार सुनागुठी, ललितपुर ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा वर्षेनि विभिन्न विहारहरूमा संचालन गर्दै आएको अल्पकालीन श्रामणेर

एवं ऋषिनी प्रव्रज्या कार्यक्रम यसपालि बौद्ध जनविहार सुनागुठी ललितपुरमा आठौं पटकको प्रव्रज्या कार्यक्रमको रूपमा सुसम्पन्न भएको छ ।

यस कार्यक्रममा १० वर्ष देखि १८ वर्ष सम्मका बाल बालिकाहरू मध्ये १९ जना बालकहरू श्रामणेर प्रव्रज्या भएका थिए भने २ जना बालिकाहरू प्रव्रजित गुरुमां भएका थिए । यसरी नै २३ जना बालिकाहरू ऋषिनी प्रव्रजित भएका थिए । कूल संख्या ४४ जना बालबालिकाहरूले प्रव्रजित जीवन बिताएका थिए एक सप्ताह सम्म ।

कार्यक्रमको शुरुवात– २०६५ पौष २६ गते । बौद्ध जन विहारका श्रद्धेय भन्ते धर्मगुप्तको सभापतित्वमा संचालित उक्त कार्यक्रम मीना तुलाधरले संचालन गर्नु भएको थियो भने प्रमुख अतिथी भद्दिय भन्ते रहनुभएको थियो । यसदिन कार्यक्रमका संयोजिका इन्दावती गुरुमांले स्वागत भाषण गर्नुभएको थियो । कार्यक्रममा सहभागी श्रामणेर एवं प्रव्रजित गुरुमांहरू र ऋषिनीहरूलाई भिक्षु धर्मगुप्तले शील प्रार्थना गराउनु भई आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । भिक्षु भद्दियले प्रवचन गर्नुभएको थियो । यसरी नै बौद्ध जन विहारका तुलसीलाल महर्जनले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । अन्त्यमा कार्यक्रमका अर्का संयोजिका अमीर कुमारी शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

साप्ताहिक कार्यक्रम विवरण– प्रव्रजित बालबालिका-हरूका लागि पौष २६ देखि माघ ३ सम्म संचालित साप्ताहिक कार्यक्रमको विवरण यसरी रहेको थियो ।

क्र.सं	मिति	विषय	प्रवचक	प्रशिक्षक
१.	२०६५/९/२६	बौद्ध शिक्षा	भिक्षु धर्म गुप्त	–
			भिक्षु भद्दिय	–
		नैतिक शिक्षा	–	इन्दावती गुरुमां
		बुद्ध पूजा विधि	–	सुचिता गुरुमां, ओभासवती गुरुमां
२.	२०६५/९/२७	बुद्धधर्म र व्यवहारिक शिक्षा		–
			भिक्षु जनक	
		बौद्धिक ज्ञान प्रश्नोत्तर	–	सुमनकमल तुलाधर, प्रफुल्ल कमल तुलाधर
		मंगलसूत्र	–	इन्दावती गुरुमां
३.	२०६५/९/२८	आमा बुबाको गुण	वीर्यवती गुरुमां	–
		बौद्ध प्रश्न	–	रीना तुलाधर
		मंगल सूत्र	–	भिक्षु पञ्ञारतन
४.	२०६५/९/२९	बौद्ध शिक्षा	भिक्षु भद्दिय	–
		दश पारमिता	–	इन्दावती गुरुमां
		स्वास्थ्य	–	तारादेवी तुलाधर
५.	२०६५/१०/१	अष्टशील	इन्दावती गुरुमां	–
		ऋषिनी प्रव्रज्या	–	इन्दुकुमार नकर्मी
		बौद्ध अध्ययन गोष्ठीको स्वागत गान	–	अमीरकुमारी शाक्य र रमा कंसाकार
६.	२०६५/१०/२	बौद्ध शिक्षा	भिक्षु धर्मगुप्त	–
		चित्रकला	–	रत्नकाजी शाक्य
		मंगलसूत्र	–	मदनरत्न मानन्धर
७.	२०६५/१०/३	बौद्ध शिक्षा	भिक्षु धर्मगुप्त	–
			भिक्षु भद्दिय	
			भिक्षुणी धम्मवती	
		नैतिक शिक्षा	–	इन्दावती गुरुमां
		चंक्रमण	–	सुचिता गुरुमां, ओभासवती गुरुमां

Downloaded from http://www.dhamma.digital

दुर्लभ प्रव्रज्या कार्यक्रममा भाग लिनुभएका श्रामणेर गुरुमां एवं ऋषिणी बाल बालिकाहरूको समूहका साथमा स्वयंसेविकाहरू

यस सप्ताहिक कक्षामा ध्यानभावना, साधारण व्यायाम, सरसफाई, बौद्धिक ज्ञानका टि.भि. कार्यक्रम लगायत अन्य विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू पनि गाभिएका थिए।

भिक्षाटन– माघ १ गते प्रव्रजित श्रामणेर एवं गुरुमांहरूलाई बौद्ध जन विहारबाट भिक्षाटन लगिएको थियो । यसबाट प्राप्त भएका जम्मा नगद रु. ७१४५ र चामल ५९ पाथी ३ माना बौद्ध जन विहार सुनागुठी विहार भवनको दोश्रो तल्लामा पर्खाल निर्माण कार्यमा सहयोगार्थ प्रदान गरिएको थियो ।

समापन समारोह– माघ ३ गते, ऋषिनी प्रकृती तुलाधरले संचालन गर्नुभएको यसदिनको कार्यक्रममा भिक्षु धर्मगुप्तको प्रमुख आतिथ्यमा, भिक्षुणी धम्मवतीको सभापतित्वमा र भिक्षु भद्दिय, भिक्षु उत्तम लगायत सुचिता गुरुमां र जयवती गुरुमांको अतिथित्वमा संचालन गरिएको थियो । ऋषिनी विमुक्ता तुलाधर, बोधिता तुलाधर र लसता तुलाधरले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्वागत गान प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा इन्दावती गुरुमाँले स्वागत भाषण गर्नुभएको थियो भने अल्पकालिन श्रामणेर रुपेश शाक्यले प्रव्रजित जीवनको अनुभब व्यक्त गर्नुभएको थियो। उक्त कार्यक्रममा अभिभावकहरूको तर्फबाट सुनीता शाक्य र अर्का अभिभावक प्रचण्ड मानन्धरले पनि यस प्रकारको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने मनसाय व्यक्त गर्नुभएका थिए ।

भिक्षु भद्दियबाट धर्मदिशना पश्चात् उक्त कार्यक्रममा ध.की.बौ.अ. गोष्ठीद्वारा संचालित प्रव्रज्या कार्यक्रमहरूमा चौथो पटक सम्म पनि भाग लिने मौका प्राप्त गर्नुभएका बालिका ऋषिनी सुविद्या तुलाधरलाई धम्मवती गुरुमांले उपहार प्रदान गर्नुभएको थियो ।

यसरी नै बौद्ध जन विहार कमिटीका मान्य जनहरू श्याम महर्जन, तुलसीलाल महर्जन र ज्ञानकुमार महर्जनलाई पनि धम्मवती गुरुमांले उपहार प्रदान गर्नुभएको थियो । साथै कार्यक्रम संचालनार्थ सहयोग गर्नुहुने विहारका अन्य ३० जना उपासिकाहरूलाई इन्दावती गुरुमांले उपहार प्रदान गर्नु भएको थियो ।

भिक्षु धर्मगुप्तले शील प्रार्थना गराउनु भई आफ्नो मन्तव्य व्यक्त गर्नुभए पश्चात् सभापतिको आशनबाट धम्मवती गुरुमांले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा संयोजिका अमीर कुमारी शाक्यले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

अल्पकालिन श्रामणेर गुरुमां एवं ऋषिणी प्रवज्या साप्ताहिक कार्यक्रमलाई सहयोग गर्नुहुने दाताहरूको नामावली एवं सहयोग विवरण

साप्ताहिक कार्यक्रमको लागि यथाश्रद्धा दान गर्नुहुने दाताहरूको नाम

पौष २७ गते: जलपान- शान्ति शाक्य; भोजन- तुलसिलाल महर्जन सुनाकोठी; जूस- राममाया र रोज; मिश्री काडा- इन्दावती गुरुमाँ; रिता महर्जन ।

पौष २८ गते: जलपान- (१) रोशनकाजी तुलाधर (२) प्रचण्ड र रीता; भोजन- बुद्धिरत्न तुलाधर; जूस- इन्द्रबहादुर, अष्टमाया; मिश्रीकाडा- इन्द्रबहादुर, अष्टमाया ।

पौष २९ गते: जलपान- ज्ञानकुमार महर्जन, सुनाकोठी; भोजन- निलविर सिं कंसाकार; जूस- सरला र शुष्मा; मिश्रीकाडा- रामामाया महर्जन ।



दुर्लभ प्रव्रज्या कार्यक्रममा भाग लिनुभएका श्रामणेर एवं गुरुमांहरू भिक्षाटन गर्नुहुँदै

माघ १ गते: जलपान- (१) गौतम शाक्य (२) शुशिला र शैलेस; भोजन- (१) विद्यासुन्दर शाक्य (२) शुशिला र शैलेश; जूस- दीपक शाक्य; मिश्रीकाडा- श्याममाया महर्जन ।

माघ २ गते: जलपान- बौद्धजन विहार, सुनाकोठी; भोजन- शुभरत्न र दानलक्ष्मी तुलाधर; जूस: सरस्वती महर्जन; मिश्रीकाडा: जमुनालक्ष्मी महर्जन ।

माघ ३ गते: जलपान- दिना कंसाकार; भोजन- रविन्द्र तुलाधर ।

विविध दान– १) रीना तुलाधर, २) उत्पला, ३) रामेश्वरी महर्जन, ४) उद्योगरत्न तुलाधर, ५) विना कंसाकार, ६) कृष्ण, ७) सावित्री चित्रकार, (८) ऐश्वर्य, (९) करुणा र सरोज, (१०) पूर्वदेवी- चामल, (११) पूर्वदेवी बानिया- पाचक, १२) इन्दावती गुरुमा- मिश्री, १३) रिता महर्जन- मिश्री, १४) त्यागवती गुरुमां- बुस एक सिसी:, १५) केशव महर्जन ।

जम्मा आय (प्राप्त) = रु. ७४५७२/–
जम्मा व्यय (खर्च) = रु. ६८५७२/–
जम्मा बाँकी = रु. ६०००/–

यी मध्ये बौद्धजन विहार सुनाकोठीलाई सहयोग विवरण–
(१) २०६५ सालमा अल्पकालिन श्रामणेर र ऋषिणी प्रव्रज्या भिक्षाटन माघ १ गतेबाट प्राप्त ।
(क) नगद = रु. ७१४५/–
(ख) जाकी = ५९ पाथी ३ मान ।
(२) उक्त विहारको भान्छा कोठामा टाठ ओछ्याइदिएको ।

कार्यक्रममा सहभागी बालबालिकाहरूको गृहस्थ र प्रव्रजित नाम–

अल्पकालिन श्रामणेरहरूको नाम विवरण–

क्र.सं.	*बालकको प्रव्रजित नाम*	*गृहस्थ नाम*
१.	धर्ममितु	अनुप मानन्धर
२.	धर्म रस्व	सफल श्रेष्ठ
३.	धर्म रकखेतो	अनिश महर्जन
४.	धर्म दत्तो	राहुल कंसाकार
५.	धर्म चित्तो	रूपेश शाक्य
६.	धर्म दिपो	ज: डंगोल
७.	धर्म उयिरो	सिरीश महर्जन
८.	धर्म राम	निर्वेस महर्जन
९.	धर्म जित्तो	सुजित महर्जन
१०.	धर्म पक्षतो	समिर महर्जन
११.	धर्म सव	राज महर्जन
१२.	धर्म तस्व	सुवित शाक्य
१३.	धर्म सारो	सक्षम तुलाधर
१४.	नागितो	उजेन बानिया
१५.	सुनारो	दिविज कंसाकार
१६.	धर्ममन्द	पूजन महर्जन
१७.	वक्षतो	निकेश महर्जन
१८.	स्वम	निरोज महर्जन
१९.	सिर्ह	अनिश महर्जन

Downloaded from http://www.dhamma.digital

प्रव्रजित गुरुमांहरूको नाम विवरण–

क.सं.	बालिकाको प्रव्रजित नाम	गृहस्थ नाम
१.	सोना गुरुमां	प्यारी महर्जन
२.	सुदिना गुरुमां	सुनीता महर्जन

प्रव्रजित ऋषिनीहरूको नाम विवरण–

क.सं.	प्रव्रजित ऋषिनी नाम	गृहस्थ नाम
१.	उत्तरा	सुविद्या तुलाधर
२.	विमला	सिर्पा चित्रकार
३.	नन्दा	विमुक्ता तुलाधर
४.	पुना	आकृति श्रेष्ठ
५.	तिशा	सुविकृति श्रेष्ठ
६.	यशा	अनुस्का श्रेष्ठ
७.	शिहा	सुभिक्क्षा तुलाधर
८.	दत्ता	स्वेता महर्जन
९.	शामा	आश्वीनी मानन्धर
१०.	सुप्रिया	रूविका तुलाधर
११.	रशा	उर्मिला महर्जन
१२.	मित्ता	प्रकृती तुलाधर
१३.	विरा	मञ्जिला महर्जन
१४.	चित्ता	स्वेता प्रजापति
१५.	अञ्जला	लसता तुलाधर
१६.	विज्जा	बोधिता तुलाधर
१७.	दीपा	नेहा तुलाधर
१८.	सुचित्ता	स्मृति ताम्राकार
१९.	सुप्रिया	अविक्षा तुलाधर
२०.	निर्मला	प्रियंका तुलाधर
२१.	विशाखा	देविका महर्जन
२२.	मिरा	रोजिना महर्जन
२३.	सुजाता	सन्ध्या महर्जन

धर्मकीर्ति ज्ञानमाला भजनया धर्म प्रचार

प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर

धर्मकीर्ति बौद्ध ज्ञानमालाया पाखें बुद्ध धर्म प्रचार यायूगु ज्याझ्व: ज्वना: पोखरा, पाल्पा, तानसेन, कपिलवस्तु व लुम्बिनी भ्रमण क्वचा:गु दु । थुगु भ्रमण ज्याझ्व:या सिलसिलाय् थी थी थासय् भिक्षु कौण्डञ्ञ, चमेली गुरुमां, अनुपमा गुरुमां आदि पाखें बुद्धपूजा, धर्मदेशना व ज्ञानमाला भजन प्रस्तुत जूगु ख: । पौष २६, २७ व २८ गते बुटवले संचालन जूगू राष्ट्रिय ज्ञानमाला सम्मेलनय् नं ध.की. ज्ञानमाला पाखें ३४ म्ह दुज:पिसं ब्वति कया: पौष २९ गते यें लिथ्यंगु बुखं दु ।

स्व-नेतृत्व तालिमया लंपु

■ प्रेम लक्ष्मी तुलाधर

प्रगति पथय् न्ह्यावने फय्मा
धर्मय् ब्वाँवने फय्मा
सुकर्म ज्या याय् फय्मा
सुमार्गय् न्ह्यावने फय्मा
भिंगु ज्याय् सुसंगठित जुइफय्मा
कृयाशील जुया: कुशल कर्म वृद्धि याय् फय्मा
मनुष्य धायूका: जन्म कायदय्मा
अमूल्य जीवन म्ह सीके फय्मा
थ: मालिक थ:हे जुइफय्मा
नोकर नं थ:हे ख: धका: थ्वीके फय्मा
बुद्ध ज्ञानयात व्यवहारय् छ्यलेफय्मा
निर्वाणया लंपुई पालिख्वाय् तय्फय्मा
थ:यागु मत थ:हे जुइफय्मा
ख्यूंगु थासय् ज: विईफय्मा
थ:यागु लक्ष्ययात वांलाक ज्वनेफय्मा
उद्देश्ययात प्रगतिया लंपुई तय्फय्मा
मूल्य, मान्यता, विश्वासया भरे ज्या याय् फय्मा
फुकेसिगु मनयात त्याकाकाय् फय्मा
थ:यागु जिम्मा थम्हं काय्फय्मा
सुयांगु भरे च्वने म्वालेमा
थ:यागु गल्ति थम्हं खंकेफय्मा
सुयात नं दोष बिइम्बालेमा
थ:यात नं त्याके फय्मा
फरक विचार यात कदर याय् फय्मा
विपक्षयनाप सहलहयाल्हा: न्ह्याकेफय्मा
निरन्तर रूपं सय्केगु बानिं याना वनेफय्मा
भौतिक, बौद्धिक, सामाजिक, आध्यात्मिक
ज्ञानयात च्वन्ह्याका वनेफय्मा
स्व-नेतृत्व विकास तालिम कयाथें थ:यात थम्हं नेतृत्व याय्फय्मा
थयाके दुगु गुण न्ह्याकावने फय्मा
अवगुणयात वांछ्वे फय्मा
जीवनयात सुथां लाके फय्मा
मां, धम्मवती गुरुमां यागु आशिर्वाद शिरे तय्फय्मा
च्वसा ज्या न्ह्यावलें च्वन्ह्याका वनेफय्मा ।

सम्मानपत्र ग्रहण गर्नुहुँदै भिक्षु मैत्री

धर्मशीला विद्वत वृत्तिबाट भिक्षु मैत्री सम्मानित

पोखरा, २० कार्तिक ।

स्थान- धर्मशीला बुद्ध विहार, पोखरा ।

धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति पोखराद्वारा सञ्चालित धर्मशीला विद्वत वृत्ति २०६५ लुम्बिनी बुद्धनगर स्थित अन्तर्राष्ट्रिय बौद्ध समाजका संस्थापक अध्यक्ष भिक्षु मैत्री महास्थविरलाई नेपाल सरकार गुम्बा व्यवस्था तथा विकाश समितिका अध्यक्ष आचार्य ङवाङ्ग वोसेर लामा शेर्पाले प्रदान गर्नुभएको समाचार छ ।

सो विद्वत वृत्तिमा ताम्रापत्र सहित नगद १५ हजार रहेको छ । सो विद्वत वृत्ति प्राप्त गर्ने व्यक्तिले एक वर्षसम्म व्यवस्थापन समितिले तोकेको ठाउँमा धर्मदेशना, प्रवचन र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्रावधान रहेको छ ।

धर्मशीला गुरुमांको नाममा वि.सं. २०५८ सालमा कर्मशीला गुरुमांले स्थापना गर्नुभएको सो विद्वतवृत्तिबाट यस अघि भिक्षु कोण्डण्य, भिक्षु सुशिल, सुजाता गुरुमां, ञाणवती गुरुमां, भिक्षु आनन्द र आचार्य ङवाङ्ग वोसेर लामा शेर्पा सम्मानित भईसक्नु भएको कुरा थाहा हुन आएको छ ।

कार्यक्रममा बोल्दै गुम्बा व्यवस्था तथा विकाश समितिका अध्यक्ष शेर्पाले विभिन्न जातजातिद्वारा देवीदेवताका नाममा बली दिने परम्परालाई रोक्नुपर्ने बताउनुभयो ।

सम्मानित व्यक्तित्त्व भिक्षु मैत्री महास्थविरले समाज सेवाको माध्यमबाट धर्मको प्रचार गर्न सकिने थुप्रै उदाहरणहरू आफूले भेटेको र त्यसैबाट प्रेरित भएर बुद्ध जन्मस्थल लुम्बिनी वरपरको विकट गाउँहरूमा गएर शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई जस्ता कार्यक्रमहरू सञ्चालन गरेको जानकारी दिनुहुँदै यसबाट त्यस भेगका जनताहरूमा तथागत गौतम बुद्धको सन्देश पुऱ्याउन सकिएको कुरा बताउनुभयो । नेपाल लामा संघका महासचिव मिनबहादुर लामाले नैतिक शिक्षाका प्रवर्तक नै भगवान गौतम बुद्ध रहेको बताउनुभयो ।

धर्मशीला विद्वतवृत्ति व्यवस्थापन समितिका अध्यक्ष भिक्षु श्रद्धानन्दको सभापतित्त्वमा सम्पन्न कार्यक्रममा बौद्ध अर्घौ सदनका अध्यक्ष वीरबहादुर गुरुङ्ग, धर्मोदय सभा कास्की एवं सद्धर्मसभा धर्मसंघ बुद्ध विहारका अध्यक्ष सुवर्ण वज्राचार्य समितिका सचिव विक्रम बुद्धाचार्य, सदस्य उत्तममान बुद्धाचार्य, प्रकाश उदास लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय बौद्ध समाजद्वारा लुम्बिनीको ग्रामिण क्षेत्रमा संचालित अमृत नि:शुल्क स्वास्थ्य सेवा केन्द्रका लागि वरिष्ठ बालरोग विशेषज्ञ डा. भाईरत्न शाक्य र शाक्य ड्रगका प्रोप्राईटर रवि शाक्यले सहयोग स्वरूप औषधि हस्तान्तरण गर्नुभएको थियो । त्यसैगरी अन्तर्राष्ट्रिय बौद्ध समाजद्वारा सञ्चालित अन्तर्राष्ट्रिय बौद्ध भिक्षु तालिम केन्द्रमा अध्ययनरत श्रामणेरहरूका लागि प्रकाश उदास, रवि शाक्य, महेन्द्रमान गुभाजु, कृष्णमान गुभाजु, उत्तममान बुद्धाचार्य, भरतराज शाक्य, सुशन पौडेल, सम्यक वज्राचार्य, दायक सभा, बौद्ध उपासिका संघ र खड्गी सेवा समाजको तर्फबाट छात्रवृत्ति स्वरूप जनही रू. तीनहजार पाँचसय प्रदान गरिएको थियो ।

भिक्षु मैत्री महास्थविरबाट पञ्चशील प्रार्थना गराउनुभएको उक्त कार्यक्रममा भिक्षु श्रद्धानन्दले बुद्धपूजा गराउनुभएको थियो भने ज्ञानमाला संघले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

मुनि विहारमा उपसम्पदा तथा प्रव्रज्या कार्य सम्पन्न

२०६५ पौष २१ गते, भक्तपुर ।

मुनि विहार भक्तपुरको सीमा गृहमा भिक्षु अश्वघोष महास्थविरको उपाध्यायत्त्वमा ३ जना व्यक्तिहरूलाई उपसम्पदा (पूर्ण भिक्षु) बनाइएको समाचार छ । गुणघोष महास्थविर विपस्सी, सद्धातिस्स, बोधिज्ञान, कोलित, मिलिन्द, पञ्ञासार, आलोक, तपस्वी एवं यशकीर्ति आदि श्रद्धेय भिक्षुहरूको समुपस्थितिमा उपसम्पन्न हुनुभएका नव भिक्षुहरूको गृहस्थी नाम यसरी रहेको कुरा समाचारमा

Downloaded from http://www.dhamma.digital

उल्लेख गरिएकाछन्–
१) कुङ्गा ताशी लामा (वर्ष ५२, मुस्ताङ्ग निवासी)
२) टिकाश गुरुङ्ग (वर्ष ४०, सिन्धुपाल्चोक निवासी)
३) रमेश बोध्जु (वर्ष २६, भक्तपुर निवासी)

सोहीदिन १८ जना अन्य कुलपुत्रहरूलाई पनि अल्पकालिन तथा दीर्घकालिन श्रामणेर प्रव्रज्या गरिएको थियो ।

यसरी उक्त कार्यक्रममा उपसम्पदा तथा श्रामणेर प्रव्रज्याका आचार्य तथा कर्मवाचक मुनि विहारका प्रमुख भिक्षु विपस्सी रहनुभएको थियो ।

पण्डित हेमराज शाक्य अभिनन्दित

वंगु २०६५ साल कार्तिक ९ गते, शनिवार यलया कोपुण्डोलस्थित सातोआकी स्मृति भवनय् जापानी राजदूत ताचुओ मिनुजोया प्रमुख आतिथ्यताय् नेपाल बौद्ध परिषद्या ११ औं वार्षिक समारोह भव्यतापूर्वक सम्पन्न जुल । उगु समारोहय् यलया ख्याति प्राप्त बौद्ध विद्वान एवं लिपि विशेषज्ञ पण्डित हेमराज शाक्ययात दोसल्ला न्ययेका ससम्मान अभिनन्दन-पत्र अर्पण यात ।

नेपाल बौद्ध परिषद्या अध्यक्ष महिश्वरराज वज्राचार्यया सभापतित्वय् जूगु समारोहय् परिषद्पाखें सञ्चालन जुयाच्वंगु नि:शुल्क आधारभूत बौद्ध कक्षाया न्हेगूगु समूहया प्रशिक्षार्थीपिन्त प्रमाणपत्र प्रदान यात । थुगु अवसरय् प्रशिक्षार्थी पिनिगु पाखें प्रशिक्षक महीश्वरराज वज्राचार्ययात गुरु सम्मान स्वरुप श्रद्धा सुमनया रूपय् दाँ ९६५१/- अर्पण या:गुजुल । गुरु सम्मान स्वरूप प्रदान या:गु उगु दाँ ग्रहण यानालि वय्कलं तत्क्षण व दाँ कक्षा सुचारुरूपं सञ्चालन याय्गु ज्याय् प्रयोग यायेत कक्षा व्यवस्थापक विजयरत्न शाक्ययात ल:ल्हाना दिंल । नि:स्वार्थ भावनां बुद्धधर्मया उत्थानया ज्याय् वय्कलं याना दिइगु ध्वज्याया निर्ति वय्क:यात सकसिनं अनुकरणीय योगदान धका प्रशंसा यात ।

यलया पूर्व मेयर श्री बेखारत्न शाक्यया विशेष आतिथ्यताय् जूगु थ्व समारोहया उद्घाटन जापानी राजदूत ताचुओ मिजुनो नं याना दिलसा धर्मोदय सभाया उपाध्यक्ष सुवर्ण शाक्यजुं स्वागत मन्तव्य बिया दिइगु जुल ।

श्री काजीरत्न शाक्य उद्घोषक जुया दिइगु थुगु समारोहस परिषद्या महासचिव पूर्णमान चित्रकारं प्रगति विवरण प्रस्तुत यानादिलसा कोषाध्यक्ष सूर्जमान वज्राचार्य आयव्यय विवरण प्रस्तुत यानादिल ।

थुगु समारोहय् परिषद्पाखें जापानी राजदूत ताचुओ मिनुजोयात स्वयम्भूया आकर्षक मूर्ति उपहार प्रदान या:गुजुल ।

समारोहया अन्तय् परिषद्पाखें पिदंगु बुद्धयान स्मारिका नि:शुल्क वितरण जुयालि भिक्षु संघरक्षित पाखें पुण्यानुमोदन याना समारोह क्वचाय्कूगु जुल ।

सतिपट्ठान विपस्सना शिविर सञ्चालन गरिने

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बुद्धनगर शंखमूल काठमाडौंमा सयादो उ पण्डिताभिवंशको निर्देशनमा यही आउँदो फागुण १० गते देखि २१ गते सम्म १० दिने सतिपट्ठान विपस्सना ध्यानको विशेष शिविर सञ्चालन गरिने समाचार छ । उक्त शिविरमा सहभागी हुन इच्छुक सद्धर्मप्रेमीहरूलाई २०६५ फागुण ५ गते भित्रमा फर्म भरेर सम्बन्धित निकायमा बुझाउनु पर्ने कुरा सूचनामा उल्लेख गरिएको छ ।

दिवंगत महास्थविर भिक्षु चुन्दशास्त्री विद्वतवृत्ति अर्पण सम्पन्न

२०६५ श्रावण २० गते

बुटवल नगरस्थित पद्म चैत्य विहारद्वारा वि.सं. २०६४ सालमा स्थापित दिवंगत भिक्षु चुन्द शास्त्री विद्वत वृत्ति सम्मान भिक्षु अश्वघोष महास्थविरलाई अर्पण गरि एको समाचार छ ।

भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा पञ्चशील प्रार्थना, बुद्धपूजा र दीप प्रज्वलन गरी भिक्षु अश्वघोषको जीवनी वृत्तान्त, बौद्ध धर्ममा उहाँको योगदान र विद्वतवृत्ति विषयमा जानकारी दिनुका साथै विमलबहादुर शाक्यले सम्मानपत्र वाचन गर्नुभई संघरत्न वज्राचार्यले सम्मानपत्र अर्पण गर्नुभएको थियो ।

गोविन्द शाक्यबाट संचालित उक्त कार्यक्रममा यस विद्वतवृत्ति स्थापनार्थ सहयोग गर्नुहुने दाताहरू उदयशीला गुरुमां लगायत ३५ दम्पत्ति उपासकोपासिकाहरूलाई भिक्षु अश्वघोष महास्थविरबाट प्रमाणपत्र र फूलको गुच्छा प्रदान गरिएको थियो । अभिनन्दन पछि मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएका थिए– धर्मी शाक्य, विद्यादेवी शाक्य, देवेन्द्र शाक्य, विमलबहादुर शाक्य आदि । अन्त्यमा भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना र गुरुमांहरूबाट पूण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

दोलखाय चैत्य पूजा

प्रस्तुती- अमृतमान शाक्य

२०६५ माघ ८ गते । ज्ञानमाला भजन खल: स्वयम्भू पाखें दोलखा व तातोपानीया दर्शन भ्रमण यासे दोलखाय् च्वंगु चैत्यस बुद्धपूजा ज्याझ्व: न्ह्याकूगु बुँख प्राप्त जूगु दु । तीर्थरत्न शाक्यं धर्मदेशना याना बिज्या:गु उगु ज्याझ्वले ज्ञानमाला भजन नं प्रस्तुत जूगु ख:सा अन च्वंपिं हनेबह:पिं ज्याथ:पिन्त हनेज्या नं जूगु ख: । बुद्धरत्न तुलाधरं दोलखा करुणामयया जात्रा म्हसीका न्यंका बिज्याय् धुंका: रत्नबहादुर राजकर्णिकारं सुभाय् न्वचू बियादीगु उगु ज्याझ्व: छयाञ्जे रमेश मानन्धरं न्ह्याकादीगु ख: ।

भारतको सारनाथमा रञ्जना लिपिबाट धम्मचक्कप्पवत्तन सुत्त कुँडिएको शिलापत्र उद्‌घाटन

प्रस्तुती- प्रफुल्लकमल ताम्राकार

२०६५ माघ ५, सारनाथ, भारत ।

भारतस्थित सारनाथमा भगवान् बुद्धले प्रथम पटक धर्मदेशना गर्नुभएको धर्मचक्र सूत्र कुँडिएको शीलापत्र उद्‌घाटन गरिएको समाचार छ । स्मरणीय रहेको छ, उक्त शीलापत्रमा संयुक्त राष्ट्र संघद्वारा मान्यता प्राप्त नेपालको राष्ट्रिय मौलिक रञ्जना लिपिद्वारा कुँडिएको उक्त धम्मचक्कप्पवत्तन सुत्त बुद्धकालिन पालिभाषामा उल्लेखित रहेको छ ।

सारनाथस्थित मूल गन्धकुटी विहारका प्रमुख भिक्षु सुमेध महास्थविर एवं विश्व शान्ति विहार काठमाडौंका विहार प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट संयुक्त रूपमा उद्‌घाटन गर्नुभएको सो कार्यक्रममा श्रीलंका, म्यानमार, थाइलैण्ड र भारतबाट आउनुभएका भिक्षुहरूको सहभागिता रहेको थियो । नेपालबाट भिक्षु कौण्डन्य, भिक्षु तपस्सीधम्म, उप्पलवण्णा गुरुमां, अनोजा गुरुमां, खेमावती गुरुमां र अमता गुरुमां आदि पनि उक्त कार्यक्रममा सहभागी हुनुभएका थिए ।

उक्त शीलापत्र काठमाडौं नेपाल निवासी दाता पञ्चवीर सिंह पुष्पदेवी तुलाधर प्रमुख सपरिवारको सश्रद्धाबाट उक्त पवित्र स्थानमा स्थापना गरिएको थियो ।

दाता पञ्चवीर सिंह तुलाधरको बुद्ध शिक्षा प्रचार क्षेत्रका साथै समाजसेवा क्षेत्रमा पनि त्यत्तिकै योगदान रेहेको छ । उहाँ उदाय समाज तथा उदाय रिसर्च प्रोजेक्टका अध्यक्ष एवं धर्मोदय सभाका कार्यकारिणी सदस्य एवं नेपाल भाषा पत्रिका सन्ध्या टाइम्स्मा प्रकाशित हुने उत्कृष्ट बौद्ध रचनाहरूका लागि दिइने पुरस्कार **"पञ्चवीर सिंह सिरपा"** का संस्थापक दाता पनि हुनुहुन्छ ।

उद्‌घाटन कार्यक्रममा भिक्षु सुमेध महास्थवीरले श्री पञ्चवीरसिंह पुष्पदेवी तुलाधर प्रमुख सपरिवारलाई धन्यवाद दिनुहुँदै भन्नुभयो–

"भगवान बुद्धले सर्वप्रथम धर्मदेशना गर्नुभएको स्थान सारनाथ जस्तो पवित्र स्थलमा बुद्ध जन्मभूमी नेपालको तर्फबाट धर्मचक्र सूत्र नेपालकै मौलिक लिपि (रञ्जना लिपि) बाट कुँडी स्थापना गर्नुभएको छ । नेपाल सरकारको तर्फबाट हुनुपर्ने कार्यलाई दाता पञ्चवीर सिंहको तर्फबाट सम्पन्न गरियो । नेपाल र नेपाली जनताहरूकै लागि यो एक गर्वको कुरा रहेको छ । यस्तो महान कार्य सबैले गर्न सकुन् । यस पुण्य कार्यको प्रभावले विश्वमा शान्ति छावस् ।"

बुद्ध शरणमा जाऔं

■ धर्मरत्न शाक्य "त्रिशुली"

बुद्ध शरणमा जाऔं हामी, धर्म शरणमा जाऔं ।
संघ शरणमा जाऔं हामी, शान्ति मार्ग अपनाऔं ॥धु॥

आपसमा सब मैत्री राखौं द्वेष, कलह [illegible]
त्याग भावना [illegible] अंगाली, लोभ लालच [illegible]
मानव [illegible] बनाऔं उन्नति शिखर [illegible] ।
शान्ति क्षेत्र यो नेपाल हाम्रो जसमा जन्मभूमि [illegible]
बुद्ध शरणमा जाऔं

शान्ति चाहेको विश्व सबैले, यसै पवित्र [illegible]
सबै मिलिकन शान्ति गीतिमा [illegible] ।
आफैं राम्रो बनीकन हामी, राष्ट्रमा शान्ति [illegible] ।
अशान्त जगतमा गौतम बुद्धको, शान्ति ज्ञान [illegible]
धर्म शरणमा जाऔं

विश्व नष्ट छन परमाणुको, ध्वंस नीतिले [illegible] यहाँ ।
विश्वशान्तिको ढोंग फिजाई, शस्त्रभण्डार [illegible] जहाँ ॥
मानव जाति यो अमूल्य सम्पत्ती, शान्ति मार्ग अपनाऔं ।
विश्व शान्तिका मार्ग प्रवर्तक, बुद्ध शरणमा जाऔं ॥३॥
संघ शरणमा जाऔं

Downloaded from http://www.dhamma.digital

जमाना

■ विद्याबहादुर वज्राचार्य

जमाना थन गन्या:गु वल
क्व:नं ब्व: थें तुइस्य च्वन
ब्व: नं क्व: थें हाकुसे च्वन
गति न्ह्याथाय् नं फनफन हिल
कर्तव्य मया:सां अधिकार हिं धाल
ल्वात अले अमलावक हे ल्वात
वं वइत, वं वइत बन्दुकं क्यूकल
पाल खुकुरी सनू धमाधम स्यात
छु जुइ त्यंगु छुं हे थें मसिल
थन जमाना गन्या:गु वल ।

जमासां थन गन्या:गु वल
आडसां ज्वना: ईमान्दारतय्‌त छ्वावात
फुक्कं अत्याचारीत ह्वाराह्वारां न्ह्यिल
आजु बाज्यायागु न्हाय् घ्यना छ्वल
बांलाक स्वर्ग आ:तिनि खन धाल
हिल हिल जमाना तसकं हे हिल
कलियुगं मनूतय्‌त प्याखं हुइकल
कुचा कुचा धर्म व संस्कृति जुल
न्हूगु व्वलन धाधां म:प: तिया हल
मजिल मजिल धाधां ल्वखना सः तल
थन जमाना गन्या:गु वल

धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना		
मिति	*बुद्धपूजा*	*धर्मदेशना*
२०६५/९/२०	वीर्यवती गुरुमां	वीर्यवती गुरुमां
२०६५/९/२७	केशावती गुरुमां	धम्मवती गुरुमां
२०६५/१०/१	खेमावती गुरुमां	धम्मवती गुरुमां
२०६५/१०/५	कुशुम गुरुमां	कुशुम गुरुमां
२०६५/१०/१३	जयवती गुरुमां	जयवती गुरुमां

सबैको कर्तव्य

यो संसार कसरी चलिरहेको छ भन्ने कुरा हामीले बाहिरी आँखाले देखिराखेका छौं अलि गहिरिएर हेर्ने हो भने यसबारेमा अझ धेरै कुरा थाहा पाउन सकिन्छ । यो चराचर जगत्‌मा रहेका सबै प्राणीले काम गरिरहेका छन् । निर्जीवले पनि काम गरिरहेको हुन्छ । यदि सबैले काम नगर्ने हो भने यो संसार चल्छ चल्दैन भन्ने कुरा पनि हामीले जानिसकेका छौं ।

स्वर्गका देवीदेवता पनि आ-आफ्नो काम गरिरहेका छन् । तिनै देवीदेवताको नियमित कार्यले यो संसार चल्न सकेको हो । आफूले पाएको कर्तव्य सबैले पूरा गरेमा मात्र सबै प्रक्रिया पनि नियमित हुन जान्छ । सूर्यले नियमित पृथ्वीलाई ताप दिने काम गरिरहेको छ भने चन्द्रमाले शीतल दिने काम गरिरहेको छ । आकाशले खुला ठाउँ दिएको छ । वायुले सारा प्राणीलाई श्वास फेर्न हावा दिने काम गरिरहेको छ । पानीले दुनियाँका प्राण रसाउने काम गरेको छ । बादलले पानी दिने काम गरिरहेको छ । आगोले पकाउने काम गरिरहेको छ । माटोले विभिन्न चीजवीज उत्पादन गर्ने अभिभारा बोकेको छ ।

त्यतिमात्र नभएर यहाँ जति पनि प्राणीहरू छन्, ती सबैको आ-आफ्नो महत्त्व छ ती सबै यो संसार चल्नका लागि आवश्यक भएर नै प्रकृतिले उत्पन्न गराएका हुन् भन्न सकिन्छ । पृथ्वीले बोक्ने काम गरेन भने, सूर्यले ताप र उज्यालो दिने काम गरेन भने र हावाले सबै प्राणीको हृदयमा पुग्ने काम गरेन भने यो संसार भताभुंग र लथालिंग हुन्छ । त्यसैले पनि सबैको उत्तिकै महत्त्वपूर्ण स्थान छ भनिएको हो ।

यो पृथ्वीमा धेरै देश छन् । ती देश कुनै धनी छन्, कुनै गरिब छन् । जुन देशमा व्यवस्थापन राम्रो हुन्छ, त्यो देशको आर्थिक गतिविधि पनि राम्रो हुन्छ । सबै जनता आफ्नो काममा कटिबद्ध हुन्छन् । सरकार पनि समयअनुसार चल्दै जान्छ र आर्थिक उन्नति पनि हुँदै जान्छ । मुलुक सम्पन्नतिर लाग्छ, तर गरिब मुलुकहरूमा नियम हुन्छ, तर कार्यान्वयन हुँदैन, जसले गर्दा समाजमा हुनुपर्ने कामहरू एकपछि अर्को गर्दै बन्द हुँदै जान्छ र मुलुक अधोगतितिर लम्कन्छ । त्यसकारण आफूले पाएको जिम्मेवारीलाई कर्तव्य सम्झेर सबैले अगाडि बढ्नुपर्छ । तबमात्र सबैले सोचेजस्तो काम हुन जान्छ ।

साभार- अन्नपूर्णपोष्ट

बा.अ.का.द.नं. - ७०/०४०/४१

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो

दि. डा. थीरमान शाक्य

जन्म- वि.सं. १९९४ आषाढ १५
दिवंगत- वि.सं. २०६५ माघ ५

"जसले रोगीको सेवा गर्छ, उसले बुद्धको सेवा गरेको हुन्छ" भन्ने बुद्ध वचनलाई व्यवहारमा उतार्दै दि. डा. थीरमान शाक्यले आफ्नो जीवनकालमा धर्मकीर्ति स्वास्थ्य कमिटीबाट संचालित शनिवारिय साप्ताहिक स्वास्थ्य सेवा कार्यमा अविस्मरणिय योगदान पुऱ्याउनु भएको छ। यसको साथै धर्मकीर्ति विहारका प्रव्रजित गुरुमांहरूलाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउनु हुँदै स्वास्थ्य क्षेत्रमा प्रशंसनिय गुण लगाउनु भएको छ। उहाँको यस पूण्यकार्यलाई कदर गर्दै धर्मकीर्ति स्वास्थ्य कमिटी लगायत धर्मकीर्ति विहार परिवारले उहाँप्रति मैत्रीपूर्ण पूण्यानुमोदन गर्दछ। यस दुःखद घडीमा उहाँका सम्पूर्ण परिवार सदस्यहरूले धैर्य धारण गर्दै संसारको अनित्य स्वभावलाई बुझ्ने क्षमता प्राप्त गर्न सकुन् भन्ने कामना गर्दछौं।

धर्मकीर्ति स्वास्थ्य कमिटी

धर्मकीर्ति मासिक पत्रिका परिवार

धर्मकीर्ति विहार परिवार

श्रीघः, नःघः, काठमाडौं

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७९३, फ्याक्स: (९७७-१) ४४३३१२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital